# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८३ बैशाख-अषाढ
## सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण



प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय,
कोशी प्रदेश, बिराटनगर।

**स्वतः प्रकाशन (Proactive Disclosure)**

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ। यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्लेख गरिएका छन्। यस मन्त्रालयले २०८३ साल बैशाख देखि अषाढ महिना अवधिसम्ममा सम्पादित प्रमुख कार्यहरु प्रकाशित गरेका छौं।

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय,
कोशी प्रदेश, विराटनगर

मितिः २०८३ श्रावण ४ गते।

## स्वतः प्रकाशनमा समावेश भएका विषयहरू

- निकायको स्वरुप र प्रकृति
- निकायको काम, कर्तव्य र अधिकार
- निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण
- निकायबाट प्रदान गरिने सेवा
- सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख
- सेवा प्राप्त गर्ने लाग्ने दस्तुर र अवधि
- निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी
- निर्णय उपर उजुरी सुन्ने अधिकारी
- सम्पादन गरेको कामको विवरण
- सूचना अधिकारी र प्रमुखको नाम र पद
- ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
- आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
- तोकिए बमोजिमका अन्य विवरण
- अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु
- सार्वजनिक निकायको वेबसाइट
- वैदेशिक सहयता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण
- सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन
- सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली
- सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय
- सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

## विषय सूची


१. मन्त्रालयको स्वरूप र प्रकृतिः ..................................................

२. मन्त्रालयको काम, कर्तव्य र अधिकारः ..................................................

३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः ..................................................

३.१ कर्मचारी संख्या ..................................................

३.२ मन्त्रालयको स्वीकृत दरवन्दी संरचना ..................................................

३.३ मन्त्रालयको दरबन्दी तेरिजः ..................................................

३.४ मन्त्रालयका शाखा/महाशाखाहरुको कार्य विवरणहरु ..................................................

४. मन्त्रालयबाट प्रदान गरिने सेवाः ..................................................

४.१ कृषि तथा पशुपन्छी सम्बन्धी सेवाहरू ..................................................

४.२ उद्योग दर्ता, प्रशासन तथा नियमन सम्बन्धी सेवाहरू ..................................................

४.३ वाणिज्य दर्ता, प्रशासन र नियमन सम्बन्धी सेवाहरू ..................................................

४.४ सहकारी सम्बन्धी सेवाहरू ..................................................

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारीः ..................................................

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ..................................................

६.१ कृषि, पशुपन्छी, खाद्य सुरक्षा र सहकारी विषयसँग सम्बन्धित सेवाको लागि ..................................................

६.२ उद्योग तथा वाणिज्य विषयसँग सम्बन्धित सेवाको लागि ..................................................

कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम फर्म दर्ता गर्दा देहायको दस्तुर लाग्ने व्यवस्था गरिएको छ । ..................................................

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः ..................................................

८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः ..................................................

९. सम्पादन गरेको मुख्य मुख्य कामको विवरणः ..................................................

१०. सूचना अधिकारी र प्रमुखको नाम र पदः ..................................................

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः ..................................................

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः ..................................................

१२.१ खर्चको विवरण ..................................................

१२.२ बेरुजुको विवरण ..................................................

१३. तोकिए बमोजिमका अन्य विवरण ..................................................

१३.१ स्थानीय तहसँग समन्वय स्थापित गर्न भएका प्रयासहरु ..................................................

१३.२ आयोजना/कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या ..................................................

१३.३ समस्या समाधानका केही प्रयासहरु ........................................................................................
१४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरू ........................................................................................
१५. मन्त्रालयको वेबसाइट........................................................................................................
१६. वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण ............................................
१७. मन्त्रालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन.........................................................
१८. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः........................................................................................................
१९. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः................
२०. मन्त्रालयका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः .................

*सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण (२०८३ बैशाख-असार)*

## १. मन्त्रालयको स्वरूप र प्रकृतिः

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार मिति २०७९/१०/०६ मा भएको कोशी प्रदेश सरकारको को निर्णयानुसार उद्योग, कृषि तथा सहकारी मन्त्रालयको स्थापना भएको हो। साविकमा कायम रहेका उद्योग, श्रम तथा रोजगार मन्त्रालय, कृषि मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको कार्य विभाजनमा परेका मध्ये कृषि, पशुपन्छी, खाद्य सुरक्षा, उद्योग, वाणिज्य, आपूर्ति, वौद्धिक सम्पत्ति, उपभोक्ता अधिकार, खानी तथा खनिज र सहकारी विषयसँग सम्बन्धित कार्य यस मन्त्रालयको जिम्मेवारीमा परेको छ। यी विषयहरूसँग सम्बन्धित प्रादेशिक नीति, कानून र मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन गराउनु यस मन्त्रालयको प्रमुख कार्य हो। यस मन्त्रालयले माथि उल्लेखित विषयका सम्बन्धमा संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका निकायसँग समन्वय र सहकार्य गर्दछ ।

यस मन्त्रालयले कृषि तथा पशुपन्छीजन्य रोग, किरा तथा महामारी नियन्त्रण, कृषि तथा पशुपन्छीजन्य उद्योग व्यवसायको विकास, प्रवर्द्धन, यान्त्रिकीकरण तथा विस्तार, कृषि तथा पशुपन्छीमा लाग्ने रोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन, बीउबिजन तथा नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धार, सम्वद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण लगायतका कृषि तथा पशुपन्छी विषयसँग सम्बन्धित कार्यहरू गर्दछ।

कृषि र पशुपन्छी सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क प्रणालीको व्यवस्थापन, कृषि मल बीउ र विषादीको आपूर्ति, कृषि प्रसार, कृषक सशक्तिकरण, तालिम र क्षमता विकास, कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन, कृषि तथा पशुपन्छी बीमा, कृषि बजार, कृषि पूर्वाधार, कृषि फार्म केन्द्र, सामूहिक खेती, कृषि करार खेती, चरन तथा खर्क, कृषिजन्य तथा पशुपन्छीजन्य औषधी, विषादी र सुक्ष्म पोषणतत्त्वयुक्त वस्तुको उत्पादन, उपयोग, व्यवस्थापन र बिक्रीवितरण, पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन लगायतका विषय समेत यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछन्।

प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता, खाद्य गुणस्तर तथा खाद्य प्रविधि सम्बन्धी विषय समेत यस मन्त्रालयको कार्यविभाजनमा परेको छ।

ठूला, मध्यम, साना, घरेलु तथा लघु उद्योग दर्ता अनुमति, नवीकरण एवम् खारेजी, औद्योगिक विकास, उद्योग व्यवसायको प्रवर्द्धन, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार, औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन, औद्योगिक विषयका करारजन्य सम्झौता, कम्पनी स्थापना, औद्योगिक हानिकारक पदार्थहरूको नियमन र व्यवस्थापन, औद्योगिक प्रदर्शनी, उद्यमशीलता विकास, औद्योगिक प्रशिक्षण, औद्योगिक विवाद समाधान लगायतका उद्योगसँग सम्बन्धित विषयहरू यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछन्। यस मन्त्रालयले व्यापारिक

फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन, प्रादेशिक व्यापार प्रवर्द्धन, ढुवानी र परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन, वस्तु तथा सेवा आपूर्ति, अत्यावश्यक वस्तुहरूको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण, करार, साझेदारी र एजेन्सी, व्यापारिक प्रदर्शनी लगायतका वाणिज्य तथा आपूर्तिसँग सम्बन्धित विषयहरू कार्यहरू गर्दछ।

उपभोक्ता अधिकार संरक्षण तथा प्रवर्द्धन, सिण्डिकेट, कार्टेलिङ, अनुचित मूल्यवृद्धि, कालोबजारी, कृत्रिम अभाव नियन्त्रण र बजार अनुगमन, वस्तुको स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन लगायतका उपभोक्ता हित सँग सम्बन्धित विषयहरू, वौद्धिक सम्पत्तिको संरक्षण अध्ययन, अनुसन्धान र नियमनका विषयहरू, खानी तथा खनिजसँग सम्बन्धित पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत सङ्कलन, प्रयोगशाला स्थापना, भौगर्भिक अध्ययन, अनुसन्धान र नक्साङ्कन लगायतका विषयहरू समेत यस मन्त्रालयको कार्य क्षेत्र अन्तर्गत पर्दछन्।

यस मन्त्रालयले सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैङ्क सम्बन्धी अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, सहकारी बचत तथा ऋण परिचालन, सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन लगायतका सहकारी क्षेत्रसँग सम्बन्धित कार्यहरू गर्दछ।

यस मन्त्रालय अन्तर्गत ३ (तीन) प्रदेशस्तरीय निकाय– कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षालय रहेका छन्। जिल्लास्तरीय निकायहरूमा उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण सम्बन्धी प्रशासनिक कार्य तथा सेवा प्रवाह गर्न १४ (चौध) वटा घरेलु तथा साना उद्योग कार्यालयहरू, कृषि विकास सम्बन्धी प्रशासनिक कार्य तथा सेवा प्रवाह गर्न १४ वटा कृषि ज्ञान केन्द्रहरू तथा ३ वटा प्रयोगशाला र पशुपन्छी सम्बन्धी प्रशासनिक कार्य तथा सेवा प्रवाहका लागि १४ वटा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू रहेका छन्।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकारः

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार उद्योग, कृषि तथा सहकारी मन्त्रालयको देहाय बमोजिमको कार्य विवरण रहेको छ।

१) कृषि, पशु विकास तथा खाद्य सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२) कृषि तथा पशुपन्छीजन्य रोग, कीरा एवम् महामारी नियन्त्रण,

३) कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन,

४) कृषि तथा पशु व्यवसायको यान्त्रिकीकरण, विकास तथा विस्तार,

५) कृषिबाली तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन,

६) कृषिउपज, कृषिजन्य बस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बीउबिजन एवम् नश्लसम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन.

७) प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर,

८) कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण,

९) कृषि मल, बीउ र बिषादी आपूर्ति व्यवस्था र नियमन,

१०) कृषि प्रसार, कृषक तालीम तथा क्षमता विकास र सशक्तिकरण,

११) कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन,

१२) कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन,

१३) कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन,

१४) राष्ट्रिय नीति बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,

१५) सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रबर्द्धन,

१६) चरन तथा खर्क सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

१७) कृषिजन्य र पशुपन्छीजन्य औषधि, बिषादी र सूक्ष्म पोषणतत्वयुक्त बस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन,

१८) उद्योग तथा वाणिज्य सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन,

१९) उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी,

२०) औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन,

२१) संघको समन्वय र सहकार्यमा प्रदेशमा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,

२२) औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन,

२३) प्रादेशिक व्यापार प्रवर्द्धन, समन्वय, तथ्याङ्क प्रणाली,

२४) बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन, अनुसन्धान र नियमन,

२५) ढुवानी र परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,

२६) संघको सहमतिमा औद्योगिक विषयका करारजन्य सम्झौता,

२७) व्यापारिक फर्महरुको दर्ता, नवीकरण. खारेजी र नियमन,

२८) खानी तथा खनीज पदार्थको अन्वेषण र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन,

२९) संघको समन्वयमा खानीजन्य पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत सङ्कलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन्, प्रादेशिक प्रयोगशालाको स्थापना र सञ्चालन,

३०) खानी सम्बन्धी भौगर्भिक अध्ययन, अनुसन्धान र नक्साङ्कन,

३१) वस्तु तथा सेवा आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन,

३२) सँघ र स्थानीय तहसँगको समन्वयमा उपभोक्ता अधिकार संरक्षण तथा प्रवर्द्धन,

३३) सँघ र स्थानीय तहसँगको समन्वयमा सिन्डिकेट, कार्टेलिङ, अनुचित मुल्यवृद्धि, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् बजार अनुगमन,

३४) संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन,

३५) अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्थां र आपूर्तिमा अन्तर प्रादेशिक र स्थानीय तहबीच समन्वय,

३६) करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा र कार्यान्वयन,

३७) संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति, क़ानून तर्जुमा तथा कार्यान्वयन र नियमन,

३८) संघसँगको समन्वयमा दामासाहीमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

३९) प्रदेशस्तरमा औद्योगिक हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन,

४०) प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन,

४१) प्रदेशभित्रका ठूला, साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४२) औद्योगिक तथा व्यापारिक प्रदर्शनीको आयोजना,

४३) उद्यमशीलता विकास, तालिम, औद्योगिक प्रशिक्षण,

४४) औद्योगिक विवाद समाधान,

४५) सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंङ्क सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

४६) सहकारी बचत तथा ऋण परिजालन सम्बन्धी प्रादेशिक नीति, कानून र मापदण्डको तर्जुमा, कार्यानव्यन र नियमन,

४७) सहकारी सम्बन्धी संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका निकायसँग समन्वयन र सहकार्य,


४८) सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन ।

## ३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः

### ३.१ कर्मचारी संख्या

क) स्वीकृत कर्मचारी दरवन्दी संख्याः- ७३ जना
ख) स्थायी पदपूर्ति संख्याः- ४५ जना
ग) रिक्त दरबन्दी संख्याः- २८ जना

## ३.२ मन्त्रालयको स्वीकृत दरवन्दी संरचना



## ३.३ मन्त्रालयको दरबन्दी तेरिजः

मन्त्रालयमा रहेको कर्मचारी रिक्त दरबन्दी विवरण दरवन्दी तेरिज र पदपूर्तिको विवरण

| क्र. सं. | पद | तह | सेवा | समूहउपसमूह/ | दरबन्दी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्वीकृत | पदपूर्ति | रिक्त | |
| १. | प्रदेश सचिव | रा.प.प्र./एघारौ | नेपाल कृषि | समूहकृत नहुने | १ | १ | ० | |
| २. | वरिष्ठ पशु विकास अधिकृत | रा.प.द्वि/नवौ/दशौ | नेपाल कृषि | समुहकृत नहुने | १ | १ | ० | |
| ३. | वरिष्ठ कृषि विकास अधिकृत | रा.प.द्वि/नवौ/दशौ | नेपाल कृषि | एग्री इको एण्ड मार्केटिङ्ग | १ | ० | १ | |
| ४. | वरिष्ठ कृषि विकास अधिकृत | रा.प.द्वि/नवौ/दशौ | नेपाल कृषि | समुहकृत नहुने | १ | १ | ० | |
| ५. | उपसचिव | रा.प.द्वि/नवौ/दशौ | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | |
| ६. | कृषि अर्थ विज्ञ | रा.प.तृ/सातौं/आठौं | नेपाल कृषि | एग्री इको एण्ड मार्केटिङ्ग | ३ | ३ | ० | |
| ७. | खाद्य अनुसन्धान अधिकृत | रा.प.तृ/सातौं/आठौं | नेपाल कृषि | खा.पो.गु.नी. | २ | ० | २ | |
| ८. | कृषि प्रसार अधिकृत | रा.प.तृ/सातौं/आठौं | नेपाल कृषि | कृषि प्रसार | २ | २ | ० | |
| ९. | बाली विकास अधिकृत | रा.प.तृ/सातौं/आठौं | नेपाल कृषि | बाली विकास | २ | २ | ० | |
| १०. | मत्स्य विकास अभिकृत | रा.प.तृ/सातौं/आठौं | नेपाल कृषि | मत्स्य | १ | ० | १ | |
| ११. | कम्पुटर इन्जिनियर | रा.प.तृ/सातौं/आठौं | विविध | - | १ | ० | १ | |
| १२. | शाखा अधिकृत | रा.प.तृ/सातौं/आठौं | नेपाल प्रशासन | सामान्य प्रशासन | ९ | ५ | ४ | |
| १३. | लेखा अधिकृत | रा.प.तृ/सातौं/आठौं | नेपाल प्रशासन | लेखा | १ | १ | ० | |
| १४. | पशु विकास अधिकृत | रा.प.तृ/सातौं/आठौं | नेपाल कृषि | ला.पो. डे.डे. | ५ | ५ | ० | |

| क्र. सं. | पद | तह | सेवा | समूहउपसमूह/ | दरबन्दी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्वीकृत | पदपूर्ति | रिक्त | |
| १५. | पशु चिकित्सक | रा.प.तृ/सातौं/आठौं | नेपाल कृषि | भेटेरिनरी | ४ | ४ | ० | |
| १६. | कानून अधिकृत | रा.प.तृ/सातौं/आठौं | नेपाल न्याय | कानुन | १ | १ | ० | संघ |
| १७. | नायब सुब्बा | रा.प.अनं./प्रथम/पाचौं/छैटौ | नेपाल प्रशासन | सामान्य प्रशासन | ९ | ५ | ४ | १ काज |
| १८. | कम्प्युटर अपरेटर | रा.प.अनं./प्रथम/पाचौं/छैटौ | विविध | - | २ | २ | ० | १ करार |
| १९. | प्राविधिक सहायक | रा.प.अनं./प्रथम/पाचौं/छैटौ | नेपाल कृषि | एग्री इको एण्ड मार्केटिङ्ग | २ | १ | १ | |
| २०. | प्राविधिक सहायक | रा.प.अनं./प्रथम/पाचौं/छैटौ | नेपाल कृषि | कृषि प्रसार | २ | ० | २ | |
| २१. | प्राविधिक सहायक | रा.प.अनं./प्रथम/पाचौं/छैटौ | नेपाल कृषि | वागवानी | १ | १ | ० | |
| २२. | पशु सेवा प्राविधिक | रा.प.अनं./प्रथम/पाचौं/छैटौ | नेपाल कृषि | ला.डे.डे.पो. | ३ | ० | ३ | |
| २३. | पशु स्वास्थ्य प्राविधिक | रा.प.अनं./प्रथम/पाचौं/छैटौ | नेपाल कृषि | भेटेरिनरी | २ | ० | २ | |
| २४. | प्राविधिक सहायक | रा.प.अनं./प्रथम/पाचौं/छैटौ | नेपाल कृषि | खा.पो.गु.नी. | १ | ० | १ | |
| २५. | तथ्याङ्क सहायक | रा.प.अनं./प्रथम/पाचौं/छैटौ | योजना आयोग | तथ्याङ्क | १ | १ | ० | संघ |
| २६. | खरीदार | रा.प.अनं./द्धितीय/चौथौ | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | १ | १ | संघ |
| २७. | लेखापाल | रा.प.अनं./द्धितीय/चौथौ | नेपाल प्रशासन | लेखा | २ | ० | २ | |
| २८. | ह.चा.स. | श्रेणी विहिन/तहविहिन | नेपाल इन्जिनियरिङ्ग | मेकानिकल | ५ | २ | ३ | १ करार |
| २९. | का.स. | श्रेणी विहिन/तहविहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ | ५ | ० | ५ करार |
| **जम्मा** | | | | | ७३ | ४५ | २८ | |

### ३.४ मन्त्रालयका शाखा/महाशाखाहरुको कार्य विवरणहरु

### ३.४.१ प्रशासन महाशाखाः

- मन्त्रालय र अन्तर्गत निकायहरुको संगठन संरचना, कर्मचारी व्यवस्थापन, कर्मचारीको सेवा सुविधा, कर्मचारीहरुको अभिलेख व्यवस्थापन गर्ने/गर्न लगाउने।
- मातहतका कार्यालय र निकायहरुको व्यवस्थापकीय निरीक्षण एवं निर्देशन दिने।
- प्रशासनीक तथा आर्थिक अनियमितता छानविन एवं दण्ड पुरस्कारको व्यवस्था गर्ने।
- जिन्सी निरीक्षण र व्यवस्थापन सम्बन्धी कार्यहरु,
- सार्वजनिक खरिद कार्यको अनुगमन र मूल्यांकन गर्ने,
- अन्य शाखामा नतोकिएका भैपरी आउने कार्यहरु,
- मन्त्रालयका विद्युतीय उपकरणहरु तथा गाडीहरुको सुरक्षा, मर्मत एवं व्यवस्थापन सम्बन्धी,
- मन्त्रालय अन्तर्गत विभिन्न योजना, परियोजना एवं संघ संस्थाको वार्षिक योजना कार्यक्रम एवं बजेट तर्जुमा एवं स्वीकृति सम्बन्धी कार्य,
- मन्त्रालय स्तरबाट गरीने विभिन्न सम्झौताहरुको मस्यौदामा आवश्यक कानूनी राय सल्लाह दिने र सम्झौता वार्तामा भाग लिने।
- अन्तर्गतका कर्मचारीहरूलाई दिइने पुरस्कार एवं विभागीय सजाय सम्बन्धी सिफारिस गर्ने।
- तोकिएका अन्य कार्यहरु गर्ने गराउने।

#### ३.४.१.१ प्रशासन शाखाः

- मन्त्रालय र अन्तर्गत कार्यालयहरूमा कर्मचारीहरूको नियुक्ति, पदस्थापना, सरुवा, बढुवा र अनिवार्य अवकाश सम्बन्धी,
- कर्मचारीको सुविधा सम्बन्धी (निवृत्तिभरण,उपदान, औषधिउपचार, संचयकोष आदि),
- मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको कार्यविवरण, कार्यसम्पादन मूल्यांङ्कन सम्बन्धी,
- कर्मचारीहरूको विवरण तथा अभिलेख अद्यावधिक गर्ने सम्बन्धी,
- अधिकार प्रत्यायोजन सम्बन्धी कार्यहरु,
- मन्त्रालयको भौतिक सम्पत्तिको सुरक्षा एवं मर्मतसंभार,लिलाम,मिन्हा र सरसफाइ कायम राख्ने सम्बन्धी कार्य,
- मन्त्रालयका विद्युतीय उपकरणहरु तथा गाडीहरुको सुरक्षा, मर्मत एवं व्यवस्थापन सम्बन्धी,
- मेशीन, उपकरण सार्वजनिक खरिद गर्दा अपनाउनु पर्ने मापदण्ड र नर्मस निर्धारण सम्बन्धी,
- जग्गा तथा अन्य अचल सम्पत्तिको सुरक्षा सम्बन्धी कार्यहरु,
- मन्त्रालयका सम्पूर्ण सम्पत्तिको सुरक्षा तथा प्रवर्द्धन कार्य,
- सार्वजनिक खरिद सम्बन्धी सम्पर्क शाखाको रुपमा कार्य गर्ने,
- मन्त्रालयको भण्डार संचालन कार्य,
- मन्त्रालयको मूलदर्ता चलानी तथा जनसम्पर्क तथा रिसेप्सन सम्बन्धी कार्य,

- मन्त्रालयमा मासिक बैठक आयोजना गर्ने,
- मन्त्रालयमा आउने विदेशी अतिथिहरुलाई शिष्टाचार कायम गर्ने,
- रिक्त पदको पदपूर्तिको लागि माग आकृति पठाउने कार्य,
- तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

**३.४.१.२ कानून तथा फैसला कार्यान्वयन शाखा**

- आफ्नो र आन्तरिक मामिला तथा कानून मन्त्रालयको बीचमा सम्पर्क शाखाको रुपमा कार्यगर्ने।
- मन्त्रालयको कार्य क्षेत्र भित्रका ऐन तथा नियमावली सम्बन्धी मन्त्रालय अन्तर्गत शाखा, विभाग तथा कार्यालयहरुबाट राय माग भई आएमा परम्परा बसिसकेका सामान्य विषयहरुमा मन्त्रालयको तर्फबाट राय दिने तथा नयाँ व्यवस्था गर्नुपर्ने भएमा राय ठहर सहित पेश भएकोमा निर्णय भई आए बमोजिम जानकारी दिने ।
- फैसला कार्यान्वयनका लागि सम्बन्धीत अदालतबाट आदेश भै आए बमोजिम मन्त्रालयको हकमा आफैले र मातहतका निकायहरुको हकमा सो बमोजिम कार्यान्वयन गर्ने/गराउने । मन्त्रालयसँग सम्बन्धीत ऐन, कानून, नियमावली तथा राजपत्रहरु संकलन गरी अद्यावधिक रुपमा राख्ने ।
- मन्त्रालयसँग सम्बन्धीत कुनै करार वा अन्य लिखतहरुको मस्यौदाको ढाँचा, मस्यौदामा पुर्‍याउनु पर्ने कानूनी प्रकृया तथा विधिको सम्बन्धमा आवश्यक राय सल्लाह उपलब्ध गराउने।
- कानून शाखासँग सम्बन्धीत विषयमा प्रदेश मन्त्रिपरिषद्मा पेश हुने प्रस्तावको मस्यौदा तयार गरी पेश गर्ने र स्वीकृत भए बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।
- प्रचलित ऐन तथा नियमहरु अनुसार मन्त्रालय तथा अन्तर्गत कार्यालयहरुले सम्पादन गरेका कार्यमा पर्न आएका मुद्दा मामिला सम्बन्धमा आवश्यक कागज प्रमाणहरु संकलन गर्ने तथा मन्त्रालयको तर्फबाट प्रत्यूत्तर वा लिखित जवाफ तयार गरी पेश गर्ने।
- मन्त्रालयबाट राजपत्रमा प्रकाशित गराउनु पर्ने नियम, गठन आदेश तथा सूचना आदि मस्यौदा परिमार्जन प्रकाशन गराउने व्यवस्था गर्ने ।
- मार्गदर्शक हुने कानूनी निर्णयहरुलाई परिपत्र गर्ने र त्यस्ता परिपत्रहरुलाई अद्यावधिक बनाई राख्ने।
- मन्त्रालयका शाखा तथा अन्तर्गत विभाग,कार्यालयहरुलाई आवश्यक परेमा कानूनी परामर्श दिने।
- सम्बन्धित अदालतबाट आदेश भै आए बमोजिम फैसला कार्यान्वयनका लागि मन्त्रालयको हकमा भए आफ्नै शाखाबाट र अन्तर्गतका निकायका हकमा भए ती निकायहरुलाई सो बमोजिम कार्यान्वयन गर्न गराउन आवश्य निर्देशन दिने ।
- यस शाखालाई निर्दिष्ट गरीएका अन्य कार्यहरु गर्ने।

### ३.४.१.३ आर्थिक प्रशासन शाखा

- मन्त्रालय अन्तर्गत कार्यालयहरुलाई आर्थिक ऐन नियमको आधारमा आवश्यकतानुसार राय सल्लाह दिने।
- स्वीकृत विनियोजित वजेट अन्तर्गत मन्त्रालयको लागि आवश्यक खर्चको विवरण स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत भए बमोजिम खर्च गर्ने।
- स्वीकृत विनियोजित वजेट अन्तर्गत जिल्लास्थित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट रकम निकासा प्राप्त गर्नुपर्ने सम्बन्धी सबै कारवाही गर्ने।
- मन्त्रालय र अन्तर्गत विभागहरुको लागि आवश्यकतानुसार थप निकासा कारवाहीको आवश्यक व्यवस्था मिलाउने साथै आवश्यकतानुसार कार्यक्रम संशोधन भइसकेपछि रकमान्तरको कारवाही गर्ने।
- ऐन नियमानुसार तोकिएको श्रेस्ताहरु अद्यावधिक राख्ने, राख्न लगाउने र नियमानुसार खाता सञ्चालन गर्ने/गराउने ।
- आर्थिक वर्ष व्यतित भएपछि मन्त्रालय अन्तर्गत कार्यालयहरुको चालु तथा पूँजीगत तर्फको बजेट मौज्दात सर्वसंचित कोषमा दाखिला गराउने।
- मन्त्रालयको राजश्व,श्रेस्ता सुव्यवस्थित रुपले राख्ने व्यवस्था गर्ने,गराउने तथा धरौटी र उन्नाती श्रेस्ता फछ्र्यौंट गर्ने गराउने।
- निर्माण कार्यहरु वा ठेक्का पट्टाबाट निर्माण र सामान खरीद कार्य भएकोमा प्रचलित आर्थिक ऐन नियमको अधिनमा रहेर भुक्तानी दिने, दिलाउने व्यवस्था गर्ने।
- तलवबाट कट्टा भएको कर्मचारी संचयकोष, सावधिक जीवन विमा,नागरिक लागानीकोष, सामाजिक सुरक्षा कर र सापटी कट्टी रकम सम्बन्धीत कार्यालयमा दाखिला गर्ने ।
- कर्मचारीलाई नियमानुसार तलव, भत्ता,उपदान, लुगाभत्ता, औषधि उपचार खर्च उपलब्ध गराउने।
- आर्थिक प्रशासन सम्बन्धी ऐन, नियम आदेश तथा परिपत्रहरु सबै कर्मचारीहरुलाई जानकारी गराउने र लेखा तर्फ रेखदेख नियन्त्रण सुपरिवेक्षण गर्ने/गराउने
- मन्त्रालयमा तयार भएको श्रेस्ताको आन्तरिक तथा अन्तिम लेखा परिक्षण गराउने।
- आन्तरिक तथा अन्तिम लेखा परिक्षणबाट देखाइएका बेरुजुको लगत खडा गर्ने र तदारुकताका साथ फछ्र्यौट गर्ने/गराउने ।
- शाखाको भौतिक साधनहरुको स्याहार सम्भार एवम् मर्मत तथा संरक्षण गर्ने व्यवस्था मिलाउने।
- आर्थिक प्रशासन सम्बन्धी तोकिएको अन्य कार्यहरु गर्ने।

### ३.४.२ उद्योग तथा सहकारी विकास महाशाखा

#### ३.४.२.१ उद्योग शाखा

- उद्योग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन गर्ने, गराउने।
- उद्योग दर्ता, अनुमति नवीकरण एवम् खारेजी गर्ने, गराउने।
- औद्योगिक विकास तथा औद्योगिक व्यवसायको पर्वर्द्धन र नियमन गर्ने, गराउने।
- प्रदेशस्तरमा औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार गर्ने।
- औद्योगिक वस्तुको निर्यात पर्वर्द्धन गर्ने, गराउने।
- बौद्धिक सम्पति संरक्षण, अध्ययन, अनुसन्धान र नियमन गर्ने, गराउने।
- खानी तथा खनीज पदार्थको अन्वेषण र व्यवस्थापन सम्बन्धी प्रदेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन गर्ने, गराउने।
- खानीजन्य पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रदेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र सो विषयमा संघसँग समन्वय गर्ने, गराउने।
- खानी सम्बन्धी भौगर्भिग अध्ययन, अनुसन्धान र नक्साङ्कन गर्ने गराउने।
- करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गर्ने, गराउने ।
- संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति, कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन गर्ने, गराउने।
- प्रदेशस्तरमा औद्योगिक हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन गर्ने, गराउने ।
- प्रदेशस्तरमा इन्धनको गणुस्तर अनगुमन गर्ने, गराउने।
- प्रदेश भित्रका ठूला, साना, मझौला, घरेलु तथा लघु उद्योगहरुको स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने, गराउने।
- औद्योगिक तथा व्यापारिक प्रदर्शनीको आयोजना तथा व्यवस्थापन गर्ने गराउने।
- संघसँगको समन्वयमा दामासाहीमा परेका उद्योग, व्यावसायीक कम्पनी तथा फर्म व्यवस्थापन
- सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने गराउने।

#### ३.४.२.२ वाणिज्य तथा आपुर्ति शाखा

- वाणिज्य सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन गर्ने, गराउने।
- प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजिकरण, समन्वय, तथ्याङ्क प्रणाली
- गर्ने, गराउने।
- ढुवानी र परिवहन प्रणाली र कार्गो व्यवस्थापन गर्ने, गराउने।
- व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन गर्ने गराउने।
- संघको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता गर्ने, गराउने।

- वस्तु तथा सेवा आपुर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने, गराउने।
- उपभोक्ता हक अधिकार संरक्षण तथा पर्वर्धन, उपभोक्ता जागरणकार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने।
- सिन्डिकेट, कार्टेलिङ् अनुचित मुल्यवृद्धि, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् बजार अनुगमन गर्ने, गराउने।
- संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गणुस्तर परीक्षण र नियमन गर्ने गराउने ।
- अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौजदातको व्यवस्था र आपूर्तिमा अन्तर प्रदेशिक र स्थानीय तहबीच समन्वय गर्ने, गराउने।

### ३.४.२.३ सहकारी प्रबर्द्धन शाखा

- सहकारी संघ संस्था तथा सहकारी बैंक सम्बन्धी संघीय तथा प्रादेशिक ऐन, नीति नियम तथा मापदण्डको कार्यान्वयन, तथ्यांक व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने,
- सहकारी अनुदान बितरण तालिम सञ्चालन तथा व्यवसायिक सिप अभिबृद्दि सम्बन्धी प्रदेशिक नीति, कानून र मापदण्डको तर्जुमा र कार्यान्वयन गर्ने।
- सहकारी क्षेत्रको बिकास तथा प्रवर्द्धन सम्बन्धी कार्य गर्ने,
- सहकारी संघसंस्था तथा बैंकहरुको अनुदान परिचालनको अनुगमनका लागि आवश्यक कार्यविधिको विकास,परिमार्जन एवम् उपयोगमा ल्याउने व्यवस्था मिलाउने ,
- सहकारी सङ्घ संस्थाहरूलाई बिभिन्न निकायहरुवाट प्राप्त सहयोगको मापन सम्बन्धी सूचकाङ्क सहितको कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,
- स्थानीय तहसँग समन्वय गरी सहकारी क्षेत्रको बिकास र प्रबर्द्धनमा सहयोग पुर्याउने,
- सहकारी ऐन २०७४ को दफा ५० को उपदफा २ मा उल्लिखित सहकारी संस्थाहरूको कारोवारको विश्लेषण गर्ने,

### ३.४.२.४ सहकारी अनुगमन शाखा

- सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यन्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रदेशिक नीति, कानून र मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,
- सहकारी सम्बन्धी संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका निकायसँग समन्वय र सहकार्य,
- सहकारी क्षेत्रको बिकास तथा प्रवर्द्धन, क्षमता अभिबृद्दि र परिचालनको व्यवस्था मिलाउने,
- सहकारी संस्था सञ्चालन, अनुगमन तथा लेखापरिक्षण सम्बन्धी मापदण्ड अनुसार तोकिएका सहकारी संस्थाको अनुगमन कार्यको लागि समन्वय र सहजीकरण गर्ने व्यवस्था मिलाउन

- संघीय तथा प्रदेश सहकारी ऐन तथा नियमावलीमा निर्धारण गरिए अनुरूप सहकारी क्षेत्रमा वित्तीय सुशासन कायम गराउन आवश्यक सीमाङ्कन, मानक एवं मानदण्ड विकास तथा पुनरावलोकन गर्ने,
- सहकारी संघसंस्था तथा बैंकहरुको अनुगमनका लागि आवश्यक कार्यविधिको विकास, परिमार्जन एवम् उपयोगमा ल्याउने व्यवस्था मिलाउने,
- एकीकृत सहकारी सूचना प्रणालीको माध्यमवाट सहकारी क्षेत्रको गैह्र स्थलगत तथा स्थलगत रूपमा आवश्यकता अनुसार अनुगमन गरी निर्धारित सूचकाङ्कको आधारमा सुधार गर्नु पर्ने विषयमा तत्काल निर्देशन दिने व्यवस्था मिलाउने,
- सहकारी संघ संस्था तथा बैङ्कहरूको स्थलगत रूपमा सघन अनुगमन गर्न सहकारी नियमावली २०७५ को नियम ७२ को प्रयोजनका लागि आवश्यकता व्यवस्था मिलाउने,
- रजिष्ट्रार कार्यालयवाट सहकारी सङ्घ संस्था तथा बैङ्कहरूको अनुगमन गरि प्रतिवेदनका आधारमा सहकारी संस्थाका सञ्चालक समितिसँग विस्तृत छलफल गरी निर्देशन दिने तथा समयवद्ध सुधार कार्ययोजना कार्यान्वयनको प्रगति विवरण को समय समयमा आवश्यकता अनुसार थप अनुगमन गर्ने,
- सहकारी सङ्घ संस्थाहरूको सिद्वान्त परिपालना मापन सम्बन्धी सूचकाङ्क सहितको कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,
- एकीकृत सहकारी व्यवस्थापन सूचना प्रणालीमा तथ्याङ्क प्रविष्टीको निरन्तर लेखा जोखा गरी अद्यावधिक गराउने,
- सहकारी संघ संस्था तथा बैङ्कहरूको सम्पत्ती शुद्दिकरण निवारण ऐन तथा नियमावली अनुरूप सूचक संस्थाहरूले पालना गर्नुपर्ने दायित्वको पालनाका लागि आवश्यक निर्देशन, पालना अवस्थाको प्रगति प्रतिवेदन एवम् सम्बन्धित निकायहरूसँग समन्वयका कार्यहरू गर्ने,
- स्थानिय तह तथा अन्य सरोकार वाला निकायवाट माग भई आएका स्रोत व्यक्ति तथा अन्य सहयोग समेत उपलव्ध गराउने,
- स्थानीय तहसँग समन्वय गरी सहकारी क्षेत्रको प्रादेशिक तथ्याँक संकलन, संरक्षण तथा प्रकाशन गर्ने,
- सहकारी ऐन २०७४ को दफा ५० को उपदफा २ मा उल्लिखित सहकारी संस्थाहरूको कारोवारको विश्लेषण गर्ने,

### ३.४.३ योजना अनुगमन तथा मूल्यांकन महाशाखा

#### ३.४.३.१ नीति योजना तथा मापदण्ड शाखा

- योजना कार्यान्वयन सम्बन्धी मन्त्रालयको रणनीतिक योजना तयार गर्ने ।
- मन्त्रालय अन्तर्गत विभिन्न योजना, परियोजना एवं संघ संस्थाको वार्षिक योजना कार्यक्रम एवं बजेट तर्जुमा एवं स्वीकृति सम्बन्धी कार्य गर्ने/गराउने ।
- विकास आयोजनाहरू संचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्देशनहरू दिने ।
- मातहतका सम्बन्धित निकायहरूलाई बजेट सिलिङ्ग पठाउने ।

- मन्त्रालयको वार्षिक कार्यक्रम अनुसार प्रत्येक आर्थिक वर्षको चालु र पूँजीगत तर्फको अनुमानित वजेट तयार गर्ने प्रारम्भिक कार्यहरु गरी स्वीकृतिको लागि पेश गर्ने र बजेट अनुमान गर्दा योजना तथा कार्यक्रम शाखासंग समन्वय गर्ने ।
- आयोजना एवं कार्यक्रम स्वीकृत भए पछि सम्बन्धित निकायलाई जानकारी गराउने ।
- कार्यक्रम समन्वयका लागि महाशाखा गत बजेट व्यवस्था गर्ने ।
- मन्त्रालय अन्तर्गत संचालित कार्यक्रम तथा आयोजनाको Project document तयार गराई सो को आधारमा वार्षिक कार्यक्रम तथा बजेट बनाउने ।
- विभिन्न बाली, पशुपन्छी विकास तथा व्यस्थापन सम्बद्ध प्रादेशिक नीति, नियम, कानून तर्जुमा गर्ने।
- कृषि, तथा पशुपन्छीजन्य र खाद्य वस्तु उत्पादन तथा तिनको गुणस्तर सम्बन्धी मापदण्डहरु तयार गरी कार्यान्वयन गर्ने ।
- सहकारी सम्बन्धी प्रादेशिक ऐन, नियम तथा नीति तर्जुमा गर्ने ।
- उद्योग ब्यवसाय सम्बन्धी प्रादेशिक ऐन नियम तर्जुमा गर्ने ।
- तयार भएका नीतिहरुको कार्यान्वयन अवस्थामा अनुगमन गरी नयाँ नीति निर्माणको समयमा पृष्टपोषण उपलब्ध गराउने ।

### ३.४.३.२ अनुगमन तथा मूल्याङ्कन शाखा

- अनुगमन तथा मूल्याङ्कनका सूचक सम्बन्धी नीतिगत कार्यमा सहयोग गर्ने,
- अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा आयोजनाहरूको नियमित अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने,
- प्रगति विवरणहरूको संकलन एवं विश्लेषण एवं पृष्ठपोषण सम्बन्धी कार्य गर्ने,
- आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालय स्तरीय समस्या समाधान समितिमा पेश गर्ने,
- वार्षिक तथा आवधिक आयोजनाहरूको अद्यावधिक तथ्याङ्क तथा अभिलेख राख्ने । वार्षिक एवं चौमासिक समीक्षा गर्ने र देखिएका बाधा अड्चन फुकाउने सम्बन्धमा आवश्यक कारवाही गर्ने । स्थानीय निकायबाट गरिएका समीक्षाको अभिलेख राख्ने र बाधा अड्चन फुकाउन पेश गर्ने,
- वार्षिक प्रगति विवरण, तथ्याङ्क संकलन, विश्लेषण तथा प्रकाशन गर्ने,
- शाखाहरू तथा अन्तर्गत समिति-आयोग-प्रतिष्ठानहरूको बीच समन्वय सम्पर्कका लागि आन्तरिक कार्यान्वयन निर्देशिका सम्बन्धी कार्यहरू गर्ने ।
- स्थानीय निकायमा सामाजिक उत्तरदायित्वका विधिहरुको प्रयोगमा सहयोग र समन्वय गर्ने ।

### ३.४.४ खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा

- कृषि तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन,
- कृषिजन्य रोग, किरा एवं महामारी नियन्त्रण,
- कृषि औद्योगिकीकरणको विकास तथा प्रबर्द्धन मन्त्रालयको वार्षिक कार्यक्रम अनुसार प्रत्येक आर्थिक वर्षको चालु र पूँजीगत तर्फको अनुमानित वजेट तयार गर्ने प्रारम्भिक कार्यहरु गरी स्वीकृतिको लागि पेश गर्ने र बजेट अनुमान गर्दा योजना तथा कार्यक्रम शाखासंग समन्वय गर्ने ।
- कृषि यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार,
- कृषि रोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन,
- कृषिउपज, कृषिजन्य बस्तु, उत्पादन सामग्री तथा बिउबिजन सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण प्रमाणीकरण र नियमन,
- प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर,
- कृषि तथा खाद्य प्रविधि सम्वन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण,
- कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्थापन र नियमन,
- कृषि प्रसार कृषक  तालिम तथा क्षमता विकास र सशक्तिकरण
- कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन,
- कृषि बीमा सम्वन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन,
- कृषि बजार विस्तार तथा सञ्चालन पूर्वाधार र कृषि फार्म केन्द्रहरुको विकास,
- सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रबर्द्धन,
- कृषि जन्य बिषादि र सूक्ष्म पोषणतत्वयुक्त औषधि बस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र  कार्यान्वयन तथा उत्पादन उपयोग र बिक्री वितरणको अनुमति अनुगमन र नियमन

#### ३.४.४.१ खाद्य सुरक्षा प्रवर्द्धन शाखा

- खाद्य सुरक्षा अनुगमनको लागि इकाइ गठन गरी कार्य गर्ने एवं Preliminary National and Sub-national level Food Balance Sheet Integrated Food Security Phase Classification सम्बन्धी प्रतिबेदनहरु तयारी तथा प्रकाशन गर्ने ।
- बाली उत्पादन तथा खाद्य आपूर्ति पूर्वानुमान जानकारी प्रणाली Early warning system को स्थापना गरी सुदृढ गर्दै लैजाने ।
- जिल्लाहरुमा खाद्य सुरक्षाका सूचकहरू निर्माण र जोखिम नक्साङ्कन गरी सो अनुसार खाद्य असुरक्षित क्षेत्र/समूहको पहिचान गर्ने ।
- खाद्य सुरक्षा सूचना संकलन ढाँचाको बिकास गरी तथ्याङ्क संकलन गर्न लगाउने

- खाद्य–सुरक्षा स्थितिको विश्लेषण गरी त्रैमासिक सूचना वुलेटिन प्रकाशन गरी बितरण गर्ने ।
- वातावरणीय ह्रास न्यूनिकरण तथा जैविक विविधता संरक्षण र सम्बर्द्धन सम्बन्धी नीति तथा मार्गदर्शन तयार गरी कार्यान्वयन गर्ने गराउने
- जलवायु परिवर्तनबाट कृषि उत्पादन एवं उत्पादकत्वमा पर्ने असर विश्लेषण गरी अनुकूलनका लागि आवश्यक नीति निर्देशनहरु तयार गरी कार्यान्वयन गर्ने गराउने
- लैङ्गिक उत्तरदायि तथा समावेशी प्रकृतिका बजेट तथा कार्यक्रम तयार गर्न योजना महाशाखालाई पृष्ठपोषण गर्ने
- लैङ्गिक समविकासका लागि महिला कृषकहरुको सीप र ज्ञानमा अभिबृद्धि गरी कृषि उद्यमीको रुपमा विकसित गर्न उपयुक्त वातावरण तयार गर्ने
- जैविक विविधता संरक्षण र सम्बर्द्धन सम्बन्धी आवश्यक कार्य गर्ने
- कृषि वातावरण तथा समावेशीकरण सम्बन्धी मन्त्रालयको सम्पर्क विन्दुको रुपमा रही कार्य गर्ने
- International Treaty on Plant Genetic Resurces for food and Agriculture (IPPGRFA)को food point को रुपमा कार्य गर्ने, Climate change Aloptation and Disaste Risk management in Agriculture Priority framework for Action 2011-2020 को कार्यान्वयन गर्ने।
- बार्षिक रुपमा कृषि बजार, बालीनाली तथ्यांक संकलन विधिको विकासका लागि, निर्देशिका तयारी परिमार्जन, तालिम आदि सन्चालन गर्ने ।
- अन्तर्राष्ट्रिय व्यापार संगठन (WTO) को बाली संरक्षणसँग सम्बन्धित प्रावधानहरुको अधिनमा रही वनस्पतिजन्य रोग तथा प्लाण्ट क्वारेन्टाइन सम्बन्धी ऐन नियमहरुलाई अन्तर्राष्ट्रिय वनस्पति संरक्षण अभिसन्धीसँग सामाञ्जस्य तथा अन्य सदस्य राष्ट्र सो सम्बन्धी ऐन नियमहरुसँग एकरुपता कायम गर्ने/गराउने ।
- प्रदेश भित्र रहेका कृषि जैविक विविधताको अभिलेखिरण गर्ने ।
- कृषि जैविक विविधता संरक्षण सम्बन्धी कार्यक्रम तर्जुमा गरी मन्त्रालय र मातहत निकायहरुबाट संचालन गर्न सहयोग गर्ने ।
- जलवायु परिवर्तन अनुकुलन कृषि प्रविधिहरुको मन्त्रालय र मातहत निकायहरु मार्फत प्रचार प्रसार गर्ने ।
- प्रदेश भित्र जलवायु परिवर्तनबाट बाली तथा पशुवस्तु उत्पादनमा पर्न गएको प्रभाव र समाधानका उपायहहरुबारे अध्ययन गर्ने ।

### ३.४.४.२ कृषि व्यवसाय प्रवर्द्धन तथा खाद्य प्रविधि शाखा

- कृषि थोक बजार, संकलन केन्द्र, हाट बजार तथा खुद्रा बिक्री कक्ष निर्माण, सुधार तथा विकास गर्ने ।
- शित भण्डार विकास तथा प्रवर्द्धन गर्ने ।

- सार्वजनिक नीजि साझेदारीमा कृषि बजार विकास गर्ने ।
- कृषि बजार सञ्चालक समितिको गठन तथा अनुगमन गर्ने ।
- कृषि बजार सम्बन्धी नीति, मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने ।
- कृषि बजार पूर्वाधार विकास सम्बन्धी आवश्यक प्राविधिक सेवा प्रदान गर्ने ।
- सबै कृषि बजारहरुमा पूर्ण रुपमा प्रतिस्पर्धात्मक मूल्य प्रणाली लागु गरिने ।
- कृषक, कृषक समूह, सहकारीहरुलाई बजार सूचना, व्यवस्थापन, बजारीकरण विषयमा क्षमता अभिबृद्धि भई मध्यस्थकर्ताबाट ठगिने स्थितीको अन्त्य गरिने ।
- कृषकहरुलाई आवश्यक कृषि बजार पूर्वाधार सेवा प्रदान गर्ने ।
- कृषि उपजको उचित मूल्य उपलब्ध गराउन प्राविधिक सेवा प्रदान गर्ने
- कृषि उपज बेच बिखन गर्न जनशक्ति तथा संस्थागत क्षमता विकास गर्न
- खाद्य सुरक्षा सम्बन्धी सूचना संकलन, विश्लेषण तथा प्रवाह गर्ने ।
- कृषि उपज बजारको खुद्रा, सिमावर्तिय खुद्रा मूल्य संकलन, विश्लेषण तथा प्रवाह गर्ने।
- कृषि सूचना सम्बन्धी प्रविधि विस्तार गरी मुलुकभरी कृषि उपज बजार मूल्य लगायत अन्य क्रियाकलापहरुको प्रचार प्रसार एवं जानकारी उपलब्ध गराउने ।
- सूचनाको विषयगत क्षेत्र बढाउने, थोक, फार्मगेट मूल्य आदिको विश्लेषण गर्ने ।
- वार्षिक बजार बुलेटिन प्रकाशन गर्ने ।
- यस्ता बजारहरुको विद्युतीय नक्साङ्कन, नेटवर्किङ्ग एवं प्रभावकारी सञ्जाल विकास भई र अधिकांश कृषि उपज कारोवारहरु विद्युतीय रुपमा संचालन गरिने ।
- खाद्य उपभोग सर्वेक्षण, तथ्याङ्क संकलन, विश्लेषण र प्रकाशन गर्ने ।
- कृषक,व्यापारी तथा कृषि उपज बजार केन्द्रहरुमा सूचनाको उपयोग क्षमता बढाउने तालिम र भौतिक सुविधा विकास गर्ने ।
- कृषि बजार सञ्चालक समिति,कृषक,कर्मचारी,सहकारी संस्था लगायतलाई प्रशिक्षण तथा तालिम प्रदान गर्ने ।
- उत्कृष्ट बजार प्रविधि स्थल तथा निकायबाट सिक्न भ्रमण आयोजना गर्ने ।
- पोष्टर, होडिङ्ग वोर्ड र पाठ्य सामग्री निर्माण तथा उपयोगद्वारा प्राविधिक ज्ञान प्रसार गर्ने ।
- कृषि बजार सम्बन्धी सरसल्लाह सेवा प्रदान गर्ने ।
- तालिम प्राप्त निरीक्षकहरूवाट नियमित एवम् आकस्मिकरूपमा बजार तथा उद्योग निरीक्षण गरी कुशल उत्पादन प्रकृयाअनुरूप उत्पादन भए नभएको अनुगमन गरी गुणस्तर सम्बन्धी अनुसन्धान गर्ने र विशेष गरी न्यून गुणस्तरका खाद्य वस्तुहरूका नमूना सङ्कलन,सङ्कलित नमूनाहरूको प्रयोगशाला विश्लेषण, विश्लेषणबाट प्राप्त नतिजाहरूको आधारमा न्यून गुणस्तर वा दूषित देखिएकोमा प्रचलित खाद्य तथा दाना ऐन नियम अनुसार कानूनी कार्वाही ।
- खाद्य उद्योग स्थापना गर्न अनुज्ञापत्र प्रदान, नवीकरण , नियमन एवम् परामर्श सेवा।

- आयात निर्यात हुने खाद्य वस्तुहरूको गुण नियमन एवम् प्रमाणीकरण ।
- खाद्य वस्तुहरूको उत्पादन, सञ्चयन तथा बिक्री वितरणमा हुने अस्वस्थकर गतिविधि नियन्त्रण गर्न विभिन्न माध्यमबाट उपभोक्ता सचेतना कार्यक्रम,
- फलफूल, तरकारी, खाद्यान्न, माछा, मासु र दूग्ध पदार्थमा आधारित प्रशोधन प्रविधिहरूको विकास एवम् प्रसार,
- खाद्य उद्योग स्थापना गर्न चाहने उद्यमी व्यवसायीहरूको लागि तालिम कार्यक्रम सञ्चालन।
- खाद्य उद्योगहरूको लागि प्राविधिक सेवा टेवा प्रदान कार्यक्रम संचालन,
- दुर्गम स्थानमा उत्पादन हुने फलफूलहरू संरक्षण गर्न उपयुक्त ढुवानी तथा परिवहन प्रविधि तथा प्याकेजिङ प्रविधिको विकास प्रसार,
- कृषि उपजमा उत्पादनोपरान्त हुने क्षति कम गर्न अध्ययन अनुसन्धान गरी प्रचार प्रसार,
- देशका विभिन्न भौगोलिक क्षेत्र तथा वर्ग विशेषको पोषण स्थिति सर्वेक्षण गरी कुपोषणमा सुधार ल्याउन स्थानीय स्तरमै अवलम्वन गर्न सकिने उपायहरू वारेको जानकारी गराउने।
- खाद्य वस्तुहरूको पौष्टिक तत्त्वहरूको अध्ययन अनुसन्धान गरी खाद्य पोषण तालिका निर्माण एवम् प्रसार।
- पोषण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन ।
- पोषण सम्बन्धी तालिम कार्यक्रम सञ्चालन ।
- तोकिएको दस्तुरसहित अनुरोध भै आएमा खाद्य एवम् पेय पदार्थ जाँचको लागि प्रयोगशाला सेवा,

### ३.४.५ पशुपन्छी विकास महाशाखा

- पशुपन्छी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- पशुपंछीजन्य रोग एवं महामारी नियन्त्रणको व्यवस्था गर्ने ।
- पशुपन्छीजन्य उद्योग व्यवसायहरुको विकास तथा प्रबर्द्धनगर्ने ।
- पशुपन्छी व्यवसायमा यान्त्रिकरण र उन्नत औजार विकास तथा विस्तार गर्ने ।
- राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,
- पशु रोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन गर्ने ।
- पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री एवम् प्रविधिको गुणस्तर निर्धारण, सम्बन्धता निर्धारण, स्तरीयकरण, नियमन र प्रमाणिकरण गर्ने।
- पशु नश्ल सम्वन्धी गुणस्तर निर्धारण र नियमन ।
- चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति, कानुन र नियमन कार्य गर्ने ।

- प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुतासम्बन्धी कार्य गर्ने ।
- पशुपन्छी सम्वन्धी प्रादेशिक तथ्याङ्क अद्यावधिक, अध्ययन, अनुसन्धान, स्रोत संरक्षण, विकास र विस्तार गर्ने ।
- पशुपन्छीहरु सम्वन्धी प्रविधि अध्ययन, अनुसन्धान विकास र प्रवर्द्धन कार्यहरु गर्ने
- पशुपन्छी औषधी, हर्मोन, विषादि र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र विक्री वितरणको अनुमति, अनुगमन र नियमन गर्ने ।
- पशुपन्छी, पशुजन्य पदार्थ उत्पादन सामग्रीहरुको गुणस्तर निर्धारण, नियन्त्रण र नियमन गर्ने ।
- पशु सेवा प्रसार, कृषक/व्यवसायी/उद्यमी तालिम तथा क्षमता विकास र सशक्तिकरण
- पशुपन्छी बीमा सम्वन्धी योजना निर्माण र कार्यान्वयन गर्ने।
- पशुपन्छी बजार पूर्वाधार विकास र सञ्चालनगर्ने ।
- प्रादेशिक नीति, रणनिति, योजना तथा बार्षिक कार्यक्रम तर्जुमा गर्ने ।
- मन्त्रालय आफैले संचालन गर्ने र प्रत्यक्ष मातहतमा रहेका निकायहरुबाट कार्यन्वय हुने कार्यक्रमहरुको नियमित सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन र समिक्षाको व्यवस्था गर्ने र तालुक निकायमा प्रतिवेदन पेश गर्न व्यवस्था मिलाउने ।
- सफल प्रविधिको अनुसरण वा प्रसारको आवश्यक व्यवस्था मिलाउने ।
- अन्तर निकाय समन्वय व्यवस्था मिलाउने ।
- अनुसंधान गर्ने निकायसंग समन्वय राखि सहकार्य गर्ने ।
- मातहतमा रहेका निकायहरुको कार्यक्रम संशोधन वा विनियोजन बजेटको शीर्षकगत रकमान्तर वारेमा मातहत निकायबाट अनुरोध भइ आएमा सिफारिस सहित प्रदेश सचिवकोमा पेश गर्ने ।
- मातहतका निकायका कर्मचारीलाई प्रोत्साहित वा दण्डित गर्नु पर्ने भएमा सचिव समक्ष सिफारिस गर्ने ।
- मातहतका निकायका अधिकृत तथा कर्मचारीहरुको कार्य सम्पादन मूल्याँकन प्रचलित कानून अनुसार सुपरिवेक्षण र पुनरावलोकन गर्ने ।
- मातहत निकायका तालिम, अध्ययन आदिमा सहभागी गराउन मनोयनका लागि सचिव समक्ष सिफारिस गर्ने ।
- पशुपन्छी सम्बन्धी राष्ट्रिय एवं अन्तराष्ट्रिय गोष्ठी, बैठक आदिको आयोजन गर्ने र सहभागी हुने ।
- संघीय सरकारका निकायहरु संग समन्वय र शाखाको रुपमा कार्य गर्ने ।

### ३.४.५.१ पशुपन्छी उत्पादन तथा व्यवसाय प्रवर्द्धन शाखाः

- पशुपन्छी विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने ।
- पशु नश्ल सम्वन्धी गुणस्तर निर्धारण र नियमनगर्ने ।
- पशु नश्ल सुधार सम्बन्धी कार्यहरु गर्ने ।
- पशुपन्छी, पशुपन्छीजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुको तथ्याङ्क संकलन र अभिलेख अद्यावधिक गर्ने ।
- संचालित कार्यक्रमहरुको अनुगमन र मूल्याङ्कनको आधारमा पुनरावलोकन गर्ने ।
- पशुपन्छीका जात, नश्लको गुणस्तर निर्धारण, प्रमाणीकरण तथा नियमन गर्ने ।
- उन्नत पशुपन्छीहरुको श्रोत विकास, विस्तार तथा व्यवस्था गर्ने ।
- पशुपन्छीसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने ।
- अनुसन्धान सम्बन्धी निकाय संग समन्वय गरि सफल प्रविधिको प्रचार प्रसारको लागि आवश्क व्यवस्था मिलाउने ।
- चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून, कार्यान्वयन र नियमन गर्ने ।
- हिउँदे, बर्षे, बहुवर्षिय तथा डाँले घाँसेबालीहरुको विकास र व्यवस्थापन गर्ने ।
- दाना, दानाको गुणस्तर तथा विभिन्न किसिमका पशु आहाराको विकास तथा व्यवस्थापन गर्ने ।
- पशु विकास सम्बन्धी आवधिक योजना एवमं गुरुयोजना तयारी गर्ने ।
- पशुपन्छीहरुको वीमा व्यवस्था गर्ने ।
- आनुवांशिकी श्रोतको पहिचान, संरक्षण तथा सम्बर्द्धन कार्यहरु गर्ने ।
- योजना तर्जुमा, गोष्ठी, सेमिनार संचालनमा सहयोग पुर्‍याउने/सहभागी हुने ।
- पशुपन्छी सम्बन्धी ऐन, नियम, मापदण्ड, निर्देशिका आदि तयार गर्ने ।

### ३.४.५.२ पशु स्वास्थ्य तथा नियमन शाखाः

- महामरीको रुपमा देखा पर्ने पशुपंछीका रोगहरुको रोकथाम, नियन्त्रण तथा उन्मूलनका कार्ययोजना तर्जुमा गर्ने ।
- पशु चिकित्सा, औषधि, जैविक पदार्थहरुको नियमनका कार्यहरु गर्ने ।
- भेटेरिनरी निरिक्षणका कार्यहरु गर्ने ।
- पशु स्वास्थ्य कार्यहरु संचालन गर्ने ।
- एकिकृत पशु स्वास्थ्य विशेषज्ञ घुम्ति सेवा संचालन गर्ने ।
- गुणस्तरीय पशु स्वास्थ्य सेवाको लागि जनशक्ति विकास गर्ने ।
- पशु बद्यशाला,बद्यस्थल एवं मासु पसल अनुगमन, डेरी पसल, व्यवसायी पशु फार्म, उद्योगहरुको अनुगमन एवं नियमन कार्यहरु गर्ने ।
- प्रादेशिक नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन गर्ने ।

- विश्व व्यापार संगठन, विश्व पशु स्वास्थ्य सङ्गठन र संघिय सरकारको मापदण्ड अनुसार पशु स्वास्थ्य सेवालाई आधुनिकिरण गर्ने ।
- पशु रोगहरुको सर्भिलेन्स सम्बन्धी कार्यहरु गर्ने ।
- पशु रोग नियन्त्रण कार्यनीति तयार गर्ने ।
- पशु रोगहरु नियन्त्रण एवं उन्मूलन सम्बन्धी इमरजेन्सी कन्टीजेन्सी प्लान तयारी एवं कार्यन्वयन गर्ने ।
- उन्मुलन भैसकेका रोगहरुको पूनरुत्थान हुन नदिन आकस्मिक तयारी (Emergency Preparedness) रहने व्यवस्था मिलाउने ।
- पशुपन्छी रोग निदान सेवा कार्यहरु गर्ने ।
- पशुपन्छी प्रति हुने निर्दयीता (Animal Cruely)र Animal Welfare) सम्बन्धी नीति निर्देशिका तर्जुमा गरि कार्यान्वयन गर्ने ।
- पशुपन्छी औषधी, खोप र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड कार्यान्वयन तथा उत्पादन, उपयोग र विक्री वितरण र विक्री वितरणको अनुमति, अनुगमन र नियमन गर्ने ।
- पशु स्वास्थ्य सम्बन्धी नीति, मापदण्ड, ऐन नियम एवं निर्देशिकाको तयार एवं कार्यान्वयन गर्ने ।
- निजी क्षेत्रबाट पुऱ्याउने पशुपन्छी उपचार सेवाको सुदृढीकरण गर्ने ।
- जुनोटिक रोगहरुको नियन्त्रण कार्यहरु गर्ने ।
- पशु स्वास्थ्य तथा  नियमन सम्बन्धी बार्षिक कार्यक्रमहरुको तयार गरि योजना महशाखामा पेश गर्ने ।
- संचालित कार्यक्रमहरुको अनुगमन र मूल्याङ्कनको आधारमा  पुनरावलोकन गर्ने ।
- योजना तर्जुमा, गोष्ठी, सेमिनार संचालनमा सहयोग पुऱ्याउने/सहभागी हुने ।
- पशु स्वास्थ्य सम्बन्धी आवधिक योजना एवमं गुरुयोजना तयारी गर्ने ।
- योजना तर्जुमा, गोष्ठी, सेमिनार संचालनमा सहयोग पुऱ्याउने/सहभागी हुने ।
- पशु औषधी पसल, पाराभेट, भेट, व्यवसायीक पशु फार्म, आदिको तथ्याङ्क संकलन र अभिलेख अद्ययावधिक गर्ने ।
- स्वीकृत कार्यक्रमहरु कार्यान्वयन एवं संचालन गर्ने ।
- पशुपन्छी रोग तथा जनस्वास्थ्य सम्बन्धीत रोगहरुको वस्तुस्थिति ( Epidemiologial Status) अद्यावधिक गर्ने ।
- पशु स्वास्थ्य सम्बन्धी अभिलेख अद्यावधिक गर्ने र विश्लेषण गरि आवश्यतकता अनुसार संघीय सरकारका निकायमा जानकारी गराउने ।
- पशुपन्छी जन्यपदार्थ बस्तुहरुको अनुसन्धान, विकास तथा बजार प्रबर्द्धन कार्यहरु गर्ने
- पशुपन्छी बजार र पूर्वाधार विकासका कार्यहरु सञ्चालन गर्ने ।
- पशु सेवा प्रसार,कृषक/व्यवसायी/उद्यमी तालिम तथा क्षमता विकास र सशक्तिकरण कार्य गर्ने।

- जनचेतनामुलक पशुपन्छी बजार विकास कार्यक्रमहरु प्रबर्द्धन एवम् संचालन गर्ने ।
- योजना तर्जुमा, गोष्ठी, सेमिनार संचालनमा सहयोग पुऱ्याउने/सहभागी हुने ।
- पशुपन्छी बजार प्रवर्द्धन सम्बन्धी ऐन, नियम, मापदण्ड, निर्देशिका आदि तयार गर्ने ।
- पशुन्छी बजार प्रवर्द्धन कार्यक्रमहरु आवधिक योजना एवमं गुरुयोजना तयारी गर्ने ।
- पशु हाटबजार, बद्यस्थल, बद्यशाला, मासु पसल, डेरी पसल, पशुजन्य उद्योगहरु तथ्याङ्क संकलन र अभिलेख अद्ययावधिक गर्ने ।
- पशुपन्छीजन्य पदार्थसंग सम्बन्धित बजार विकास तथा व्यापार प्रबर्द्धन कार्यक्रमहरु संचालन गर्ने ।
- मासु, दुध, उन, छाला जस्ता पशुपन्छीजन्य पदार्थहरुको प्रशोधन, उद्योग व्यवस्थापन तथा विकासको लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्ने ।
- पशु हाटबजारको पूर्वाधार विकास एवं कार्यहरु संचालन गर्ने ।
- PPP मोडलमा स्थानिय तह, व्यवसायी, गैर सरकारी संस्थाहरु संगको सहकार्यमा पशुपन्छी हाटबजार स्थापना गर्न पूर्वाधार विकासका कार्यक्रमहरु संचालन गर्ने ।
- संचालित कार्यक्रमहरुको अनुगमन तथा निरिक्षण गरी सुझाव सहित प्रतिवेदन पेश गर्ने
- कार्यक्रम तर्जुमा/कार्यान्वयन गरिने कार्यक्रमको लागि प्रदेश मन्त्रालय मातहत निकायमा प्राविधिक निर्देशिका उपलब्ध गराउने ।
- प्रदेश मातहतमा संचालित कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी सम्बन्धीत निकायमा पेश गर्ने ।
- सफल प्रविधिको अनुसरण वा प्रसारको आवश्यक व्यवस्था मिलाउने ।
- पशुजन्य उद्योग र बजार व्यवस्थापन प्रविधि सम्बन्धी जनशक्ती तयार गर्ने ।

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवाः

४.१ कृषि तथा पशुपन्छी सम्बन्धी सेवाहरू

- कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने गराउने ।
- कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवं महामारी नियन्त्रण गर्ने ।
- कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन गर्ने ।
- कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार गर्ने ।
- कृषि तथा पशु रोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन गर्ने ।
- कृषिउपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बीबिउबिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन गर्ने ।
- प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर,

- कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्वन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण गर्ने ।
- कृषि मल, बिऊ र बिषादी आपूर्ति व्यवस्था र नियमन गर्ने ।
- कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण गराउने
- कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन गर्ने गराउने ।
- कृषि तथा पशुपन्छी बीमा सम्वन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने
- कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालान गर्ने गराउने
- राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण ,खारेजी र नियमन,
- सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रबर्द्धन गर्ने ।
- चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन गर्ने
- कृषिजन्य र पशुपन्छीजन्य औषधि, बिषादी र सूक्ष्म पोषणतत्वयुक्त बस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन गर्ने ।

## ४.२ उद्योग दर्ता, प्रशासन तथा नियमन सम्बन्धी सेवाहरू

क) उद्योग दर्ताः- प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को अधिनमा रही प्राप्त निवेदन बमोजिमको विवरण रहेको उद्योग दर्ता गरिन्छ । निवेदनमा प्रस्तावित उद्योगधनीको नाम, उद्योगको नाम, उद्योगस्थलको ठेगाना, पुँजी लगानी, वार्षिक उत्पादन क्षमता, मेशिनरी विवरण, कच्चा पदार्थको विवरण लगायतका विवरणहरू समावेश भएका हुन्छन् । निवेदन प्राप्त भए पछि मन्त्रालयले सम्बन्धित स्थानीय तह र उद्योगको प्रकृति अनुसार अन्य सम्बन्धित निकायको सिफारिस वा सहमति माग गर्दछ । प्रचलित वातावरणीय कानून अनुसार वातावरणीय अध्ययन गराउनु पर्ने देखिए वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धी प्रक्रिया पूरा गरिन्छ । सबै प्रक्रिया समाप्त भए पछि तोकिएको ढाँचामा प्रमाणपत्र जारी गरिन्छ ।

ख) नवीकरणः- कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ को अधिनमा रही दर्ता भएका फर्महरूको नाममा उद्योग दर्ता भएको भए तोकिएको अवधि समाप्त भए पछि त्यस्ता उद्योगहरूले फर्म नवीकरणका लागि निवेदन दिन्छन । फर्म नवीकरण अघि उद्योगले नियमानुसार वार्षिक विवरण बुझाएको हुनुपर्छ । त्यस्तो विवरण बुझाएका फर्मलाई नियमानुसार दस्तुर लिएर नवीकरण गरिन्छ । तोकिएको अवधि भित्र नवीकरणका लागि निवेदन प्राप्त नभएको भए नियमानुसार जरिवाना लाग्छ ।

ग) खारेजीः- दर्ता भएका उद्योगहरू ऐन/नियम बमोजिम सञ्चालन नभएमा मन्त्रालयले दर्ता खारेजी गरिदिन सक्छ वा नियमानुसार स्वतः खारेजी हुन सक्छ । त्यस्तै, कुनै कारणले उद्योग सञ्चालन गर्न नसकेमा सञ्चालकले नियमानुसार प्रक्रिया पुर्याइ खारेजीका लागि निवेदन दिन सक्छ ।

घ) उद्योग सञ्चालनमा आएको जानकारीः- प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को दफा ८ बमोजिम उद्योगले आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ भएको जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्छ । तोकिएको अवधि भित्र त्यस्तो जानकारी नगराएमा नियमानुसार जरिवाना लाग्छ ।

ङ) वार्षिक विवरणः- प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को दफा १३ बमोजिम उद्योगले आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ भएको जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्छ । तोकिएको अवधि भित्र त्यस्तो जानकारी नगराएमा नियमानुसार जरिवाना लाग्छ ।

च) पुँजी वृद्धिः- दर्ता पश्चात् उद्योगको स्वीकृत पुँजी वृद्धि गर्न मनासिव कारण सहित उद्योगले निवेदन दिन सक्छ । प्रक्रिया पुर्याइ परेको निवेदन बमोजिम मन्त्रालयबाट नियमानुसार दस्तुर लिइ पुँजी वृद्धि स्वीकृत हुन्छ । वातावरण ऐनको प्रावधान अनुरूप वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने भएमा गराएर मात्र पुँजी वृद्धिको स्वीकृति हुन्छ ।

छ) क्षमता थप/घटः- दर्ता पश्चात् उद्योगकोस्वीकृत क्षमता थप/घट गर्न मनासिव कारण सहित उद्योगले निवेदन दिन सक्छ । प्रक्रिया पुर्याइ परेको निवेदन बमोजिम मन्त्रालयबाट नियमानुसार दस्तुर लिइ क्षमता स्वीकृत हुन्छ । वातावरण ऐनको प्रावधान अनुरूप वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने भएमा गराएर मात्र क्षमता थपको स्वीकृति हुन्छ ।

ज) उत्पादन विविधिकरणः- दर्ता पश्चात् उद्योगकोस्वीकृत उद्देश्य भित्रै रही उत्पादनहरूको विवरण थप/घट गर्न मनासिव कारण सहित उद्योगले निवेदन दिन सक्छ । प्रक्रिया पुर्याइ परेको निवेदन बमोजिम मन्त्रालयबाट नियमानुसार दस्तुर लिइ उत्पादन विविधिकरण स्वीकृत हुन्छ । वातावरण ऐनको प्रावधान अनुरूप वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने भएमा गराएर मात्र उत्पादन विविधिकरणको स्वीकृति हुन्छ।

झ) उद्देश्य थप/घटः- दर्ता पश्चात् उद्योगको स्वीकृत उद्देश्यमा अन्य उद्देश्य थप गर्न वा स्वीकृत उद्देश्य मध्ये कुनै उद्देश्य घटाउन मनासिव कारण सहित उद्योगले निवेदन दिन सक्छ । प्रक्रिया पुर्याइ परेको निवेदन बमोजिम मन्त्रालयबाट नियमानुसार दस्तुर लिइ उद्देश्य थप/घटको स्वीकृति हुन्छ । वातावरण ऐनको प्रावधान अनुरूप वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने भएमा गराएर मात्र उद्देश्य थपको स्वीकृति हुन्छ ।

ञ) नाम परिवर्तनः- उद्योगले नाम परिवर्तनका लागि निवेदन दिन सक्छ । परिवर्तन हुने नाम अरू उद्योगको नामसँग नजुध्ने गरी परिवर्तनका लागि स्वीकृत दिन सकिन्छ । प्रक्रिया पुर्याइ परेको निवेदन बमोजिम मन्त्रालयबाट नियमानुसार दस्तुर लिइ नाम परिवर्तनको स्वीकृति हुन्छ ।

ट) ठेगाना परिवर्तनः- उद्योगले ठेगाना परिवर्तनका लागि मनासिव कारण सहित निवेदन दिन सक्छ। वातावरण ऐनको प्रावधान अनुरूप वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने भएमा गराएर मात्र ठाउँसारीको स्वीकृति हुन्छ । प्रक्रिया पुर्याइ परेको निवेदन बमोजिम मन्त्रालयबाट नियमानुसार दस्तुर लिइ ठाउँसारीको स्वीकृति हुन्छ ।

ठ) स्वामित्त्व परिवर्तनः- उद्योगले स्वामित्त्व परिवर्तन (नामसारी) का लागि निवेदन दिन सक्छ । परिवर्तन हुने नाम अरू उद्योगको नामसँग नजुध्ने गरी परिवर्तनका लागि स्वीकृत दिन सकिन्छ । प्रक्रिया पुर्याइ परेको निवेदन बमोजिम मन्त्रालयबाट नियमानुसार दस्तुर लिइ नामसारीको स्वीकृति हुन्छ ।

ड) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिः- दर्ता भइसकेको उद्योगको वातावरण ऐन अनुसार वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा त्यस्तो उद्योगले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिका निवेदन दिन सक्छ वा मन्त्रालयले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको प्रक्रिया अगाडि बढाउन आदेश दिन सक्छन् ।

ढ) अन्य विवरण थप/घटः- माथि उल्लेखित विवरण बाहेक अन्य विवरण संशोधन गर्न, नियमानुसार थप/घट गर्न निवेदन दिन सकिन्छ । माथिका एक भन्दा बढी विवरण संशोधन गर्न एकै पटक निवेदन दिन पनि सकिन्छ ।त्यस्तै, एकाइ उद्योग दर्ता, मूल उद्योग र एकाइ उद्योग एकीकरण, निजी फर्मबाट साझेदारीमा रूपान्तरण, साझेदारीबाट निजी फर्ममा रूपान्तरण, फर्मबाट कम्पनी रूपान्तरणको अभिलेख लगायतका माथि दिइए बाहेकका उद्योगसँग सम्बन्धित विवरण संशोधनका लागि निवेदन दिन सकिन्छ ।

ण) सहुलियत/सिफारिस मागः सम्बन्धित उद्योगले प्रचलित कानून बमोजिम माग गरेको सहुलियत वा अन्य निकायलाई उद्योगसँग सम्बन्धित सिफारिस दिन सकिन्छ ।

## ४.३ वाणिज्य दर्ता, प्रशासन र नियमन सम्बन्धी सेवाहरू

क) वाणिज्य फर्म दर्ताः- कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ कोअधिनमा रही प्राप्त निवेदन बमोजिमको विवरण रहेको वाणिज्य फर्म दर्ता गरिन्छ ।निवेदनमा प्रस्तावित फर्मधनीको नाम, फर्मको नाम, फर्मको ठेगाना, पुँजी लगानी, उद्देश्य, कारोबारको विवरण लगायतका विवरणहरू समावेश भएका हुन्छन् । निवेदन प्राप्त भए पछि मन्त्रालयले सम्बन्धित स्थानीय तह र फर्मको प्रकृति अनुसार अन्य सम्बन्धित निकायको सिफारिस वा सहमति माग गर्दछन् । सबै प्रक्रिया समाप्त भए पछि तोकिएको ढाँचामा प्रमाणपत्र जारी गरिन्छ ।

ख) नवीकरणः-फर्म दर्ता ऐनको अधिनमा रही दर्ता भएका फर्महरूको तोकिएको अवधि समाप्त भए पछि त्यस्ता फर्महरूले नवीकरणका लागि निवेदन दिन्छन। फर्म नवीकरण अघि नियमानुसार वार्षिक विवरण बुझाएको हुनुपर्छ। त्यस्तो विवरण बुझाएका फर्मलाई नियमानुसार दस्तुर लिएर नवीकरण गरिन्छ । तोकिएको अवधि भित्र नवीकरणका लागि निवेदन प्राप्त नभएको भए नियमानुसार जरिवाना लाग्छ।

ग) खारेजीः- दर्ता भएका फर्महरू ऐन/नियम बमोजिम सञ्चालन नभएमा मन्त्रालयले दर्ता खारेजी गरिदिन सक्छ वा नियमानुसार स्वतः खारेजी हुन सक्छ। त्यस्तै, कुनै कारणले फर्म सञ्चालन गर्न नसकेमा सञ्चालकले नियमानुसार प्रक्रिया पुर्याइ खारेजीका लागि निवेदन दिन सक्छ।

घ) फर्म सञ्चालनमा आएको जानकारीः-कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ को दफा १० बमोजिम फर्म सञ्चालनमा आएको जानकारी फर्म दर्ता गर्ने निकायलाई गराउनु पर्छ। तोकिएको अवधि भित्र त्यस्तो जानकारी नगराएमा नियमानुसार जरिवाना लाग्छ।

ङ) पुँजी वृद्धिः-दर्ता पश्चात् फर्मको स्वीकृत पुँजी वृद्धि गर्न मनासिव कारण सहित फर्मले निवेदन दिन सक्छ। प्रक्रिया पुर्याइ परेको निवेदन बमोजिम मन्त्रालयबाट नियमानुसार दस्तुर लिइ पुँजी वृद्धि स्वीकृत हुन्छ।

च) उद्देश्य थप/घटः-दर्ता पश्चात् फर्मकोस्वीकृत उद्देश्यमा अन्य उद्देश्य थप गर्न वा स्वीकृत उद्देश्य मध्ये कुनै उद्देश्य घटाउन मनासिव कारण सहित फर्मले निवेदन दिन सक्छ । प्रक्रिया पुर्याइ परेको निवेदन बमोजिम मन्त्रालयबाट नियमानुसार दस्तुर लिइ उद्देश्य थप/घटको स्वीकृति हुन्छ।

छ) नाम परिवर्तनः- फर्मले नाम परिवर्तनका लागि निवेदन दिन सक्छ । परिवर्तन हुने नाम अरू फर्मको नामसँग नजुध्ने गरी परिवर्तनका लागि स्वीकृत दिन सकिन्छ । प्रक्रिया पुर्याइ परेको निवेदन बमोजिम मन्त्रालयबाट नियमानुसार दस्तुर लिइ नाम परिवर्तनको स्वीकृति हुन्छ ।

ज) ठेगाना परिवर्तनः- फर्मले ठेगाना परिवर्तनका लागि मनासिव कारण सहित निवेदन दिन सक्छ । प्रक्रिया पुर्याइ परेको निवेदन बमोजिम मन्त्रालयबाट नियमानुसार दस्तुर लिइ ठाउँसारीको स्वीकृति हुन्छ ।

झ) स्वामित्त्व परिवर्तनः-फर्मले स्वामित्त्व परिवर्तन (नामसारी) का लागि निवेदन दिन सक्छ । परिवर्तन हुने नाम अरू उद्योगको नामसँग नजुध्ने गरी परिवर्तनका लागि स्वीकृत दिन सकिन्छ । प्रक्रिया पुर्याइ परेको निवेदन बमोजिम मन्त्रालयबाट नियमानुसार दस्तुर लिइ नामसारीको स्वीकृति हुन्छ ।

ञ) अन्य विवरण थप/घटः-माथि उल्लेखित विवरण बाहेक अन्य विवरण संशोधन गर्न, नियमानुसार थप/घट गर्न निवेदन दिन सकिन्छ । माथिका एक भन्दा बढी विवरण संशोधन गर्न एकै पटक निवेदन दिन पनि सकिन्छ ।त्यस्तै, निजी फर्मबाट साझेदारीमा रूपान्तरण, साझेदारीबाट निजी फर्ममा रूपान्तरण गर्नु परेमा प्रचलित कानून बमोजिम निवेदन दिन सकिन्छ ।

## ४.४ सहकारी सम्बन्धी सेवाहरू

क) सहकारी संस्थाहरूको कारोवारको विश्लेषण,

ख) सहकारी संस्थाहरूलाई अनुदान,

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारीः

| सेवा प्रदान गर्ने शाखा | जिम्मेवारी अधिकारी |
|---|---|
| मन्त्री सचिवालय | श्री पुरुषोत्तम जोशी |
| सचिव सचिवालय | अधिकृत छैठौं श्री शान्तिकला धमला |
| प्रशासन महाशाखा अन्तरगतका शाखाहरुः | महाशाखा प्रमुख उपसचिव श्री डिल्ली प्रसाद सन्जेल |
| प्रशासन शाखा | शाखा अधिकृत श्री तोयानाथ तिमल्सेना |
| कानून तथा फैसला कार्यान्वयन शाखा | कानून अधिकृत श्री शंकर बारकोटी |
| आर्थिक प्रशासन शाखा | लेखा अधिकृत श्री सुनिता श्रेष्ठ |
| योजना तथा अनुगमन महाशाखा अन्तरगतका शाखाहरुः | महाशाखा प्रमुख, बरिष्ठ कृषि विकास अधिकृत श्री प्रकाश मरासिनी |
| नीति योजना तथा मापदण्ड शाखा | कृषि प्रसार अधिकृत सातौं श्री प्रमिता पौडेल |
| अनुगमन मूल्याङ्कन तथा तथ्याङ्क शाखा | कृषि अर्थ विज्ञ श्री सुष्मा बन्जारा |
| खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा अन्तरगतका शाखाहरुः | महाशाखा प्रमुख, बरिष्ठ अर्थ विज्ञ श्री प्रकाश मरासिनी |
| खाद्य सुरक्षा प्रवर्द्धन शाखा | बाली विकास अधिकृत (आठौं) श्री गोविन्द प्रसाद आचार्य |
| कृषि व्यवसाय प्रवर्द्धन तथा खाद्य प्रविधि शाखा | कृषि प्रसार अधिकृत (आठौं) श्री अभिमन्यु अधिकारी |
| कृषि व्यवसाय प्रवर्द्धन तथा खाद्य प्रविधि शाखा | कृषि अर्थ विज्ञ (सातौं) श्री शर्वरी भट्टराई |
| पशुपन्छी विकास महाशाखा अन्तरगतका शाखाहरुः | महाशाखा प्रमुख बरिष्ठ पशु विकास अधिकृत डा. दीपा दिवाली |
| पशु स्वास्थ्य तथा नियमन शाखा | पशु चिकित्सक (आठौं) डा. देव कुमार दर्लामी |
| उद्योग तथा  सहकारी विकास महाशाखा | महाशाखा प्रमुख उपसचिव श्री पदम बहादुर ठकुराठी |
| उद्योग शाखा | शाखा अधिकृत श्री चन्द्र बहादुर कार्की |
| वाणिज्य तथा आपुर्ति शाखा | अधिकृतस्तर छैठौं श्री काशी राज पराजुली |
| सहकारी अनुगमन शाखा | शाखा अधिकृत श्री तोयानाथ तिमल्सेना |
| सहकारी प्रवर्द्धन शाखा | अधिकृस्तर सातौं श्री तोयानाथ तिमल्सेना |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

६.१ कृषि, पशुपन्छी, खाद्य सुरक्षा र सहकारी विषयसँग सम्बन्धित सेवाको लागि

दस्तुरः निःशुल्क र अवधिः कामको प्रकृति अनुसार।

६.२ उद्योग तथा वाणिज्य विषयसँग सम्बन्धित सेवाको लागि

कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम फर्म दर्ता गर्दा देहायको दस्तुर लाग्ने व्यवस्था गरिएको छ ।

| क्र.सं. | फर्मको कूल पुंजी रू | | दरखास्त दस्तुर रू | दर्ता दस्तुर रू | जम्मा लाग्ने दस्तुर |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| १ | ० | पाँच लाख | १०० | २,००० | २,१०० |
| २ | पाँच लाख | बीस लाख | १०० | ४,००० | ४,१०० |
| ३ | बीस लाख | पचास लाख | १०० | ७,००० | ७,१०० |
| ४ | पचास लाख | एक करोड | १०० | १५,००० | १५,१०० |
| ५ | एक करोड | पाँच करोड | १०० | २५,००० | २५,१०० |
| ६ | पाँच करोड | दश करोड | १०० | ३५,००० | ३५,१०० |
| ७ | दश करोड | ∞ | १०० | ६०,००० | ६०,१०० |

महिला र दलित फर्मधनीको हकमा माथि उल्लेखित दस्तुरमा नियमानुसार छुट पाइनेछ ।

फर्म दर्ता भए पश्चात् प्रत्येक तीन वर्षमा नवीकरण गर्नु पर्दछ र नवीकरण म्याद सकिएको तीन महिना भित्रै निवेदन दिँदा निवेदन दस्तुर रू १००। सहित देहाय बमोजिम दस्तुर लाग्ने व्यवस्था गरिएको छ।

| क्रसं. | फर्मको कूल पुंजी रू | | दरखास्त दस्तुर रू | नवीकरण दस्तुर रू | जम्मा लाग्ने दस्तुर रू |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| १ | ० | पाँच लाख | १०० | २,००० | २,१०० |
| २ | पाँच लाख | बीस लाख | १०० | ४,००० | ४,१०० |
| ३ | बीस लाख | पचास लाख | १०० | ५,००० | ५,१०० |
| ४ | पचास लाख | एक करोड | १०० | १०,००० | १०,१०० |
| ५ | एक करोड | पाँच करोड | १०० | १५,००० | १५,१०० |
| ६ | पाँच करोड | दश करोड | १०० | २०,००० | २०,१०० |
| ७ | दश करोड | ∞ | १०० | ३०,००० | ३०,१०० |

नवीकरण म्याद सकिएको तीन महिना पश्चात् निवेदन दिँदा निवेदन दस्तुर रू १००।- सहित देहाय बमोजिम दस्तुर लाग्ने व्यवस्था गरिएको छ ।

| क्रसं. | फर्मको कूल पुंजी रू | | दरखास्त दस्तुररू | नवीकरण दस्तुर रू | व्यतित वर्ष | जरिवाना रू | जम्मा लाग्ने दस्तुर |
|---|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | | |
| १ | ० | पाँच लाख | १०० | २,००० | १ | ५०० | २,६०० |
| | | | | | २ | १,००० | ३,१०० |
| | | | | | ३ | २,००० | ४,१०० |

| क्रसं. | फर्मको कूल पुंजी रू |  | दरखास्त दस्तुररू | नवीकरण दस्तुर रू | व्यतित वर्ष | जरिवाना रू | जम्मा लाग्ने दस्तुर |
|---|---|---|---|---|---|---|---|
|  | देखि | सम्म |  |  |  |  |  |
| २ | पाँच लाख | बीस लाख | १०० | ४,००० | १ | १,००० | ५,१०० |
|  |  |  |  |  | २ | २,००० | ६,१०० |
|  |  |  |  |  | ३ | ४,००० | ८,१०० |
| ३ | बीस लाख | पचास लाख | १०० | ५,००० | १ | १,२५० | ६,३५० |
|  |  |  |  |  | २ | २,५०० | ७,६०० |
|  |  |  |  |  | ३ | ५,००० | १०,१०० |
| ४ | पचास लाख | एक करोड | १०० | १०,००० | १ | २,५०० | १२,६०० |
|  |  |  |  |  | २ | ५,००० | १५,१०० |
|  |  |  |  |  | ३ | १०,००० | २०,१०० |
| ५ | एक करोड | पाँच करोड | १०० | १५,००० | १ | ३,७५० | १८,८५० |
|  |  |  |  |  | २ | ७,५०० | २२,६०० |
|  |  |  |  |  | ३ | १५,००० | ३०,१०० |
| ६ | पाँच करोड | दश करोड | १०० | २०,००० | १ | ५,००० | २५,१०० |
|  |  |  |  |  | २ | १०,००० | ३०,१०० |
|  |  |  |  |  | ३ | २०,००० | ४०,१०० |
| ७ | दश करोड | ∞ | १०० | ३०,००० | १ | ७,५०० | ३७,६०० |
|  |  |  |  |  | २ | १५,००० | ४५,१०० |
|  |  |  |  |  | ३ | ३०,००० | ६०,१०० |

फर्म दर्ता पश्चात् पुँजी वृद्धि गर्नु परेमा पुंजी वृद्धिका निवेदन दिंदा निवेदन दस्तुर रू १००।- सहित पुँजी हेरफेरको दस्तुरका लागि वृद्धि भइ कायम हुने पुँजी र दर्ता पुँजीको अन्तर हेरी दस्तुर गणना गरिन्छ भने अन्य कामकारबाहीका लागि देहाय बमोजिम दस्तुर लाग्ने व्यवस्था गरिएको छ ।

| क्र.सं. | विषय | दरखास्त दस्तुर रू | दस्तुर रू |
|---|---|---|---|
| १ | कारोबार प्रारम्भ अवधि थप | १०० | - |
| २ | प्रतिलिपि प्रमाणपत्र | १०० | ३०० |
| ३ | विवरण हेरफेर* | १०० | ५०० |
| ४ | प्रदेश भित्रै स्थानान्तरण | १०० | ५०० |
| ५ | अन्य प्रदेशबाट स्थानान्तरण | १०० | नयाँ दर्ता सरह |
| ६ | इकाई वा सम्पर्क कार्यालय | १०० | ५०० |
| ७ | नामसारी (निजी फर्म मात्र) | १०० | नयाँ दर्ता सरह |
| ८ | नामसारी (मृत्यु पछिको) | १०० | - |

| क्र.सं. | विषय | दरखास्त दस्तुर रू | दस्तुर रू |
|---|---|---|---|
| ९ | अनुमति (कम्पनी) | ५०० | - |
| १० | फर्म खारेजी (स्वेच्छिक) | १०० | बुझाउन बाँकी दस्तुर र जरिवाना |

*पुँजी वृद्धि बाहेक
कम्पनीको नाम उद्योग दर्ता गर्दा दरखास्त दस्तुर बाहेक अन्य दस्तुर लाग्दैन ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः

७.१ निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रियाः
नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न सचिव सम्म जानु पर्नेछ । सचिव समक्ष उजुरी परेको ७ दिनभित्र सचिवले सूचना अधिकारी मार्फत वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।

७.२ निवेदन, उजुरी उपर निर्णय गर्ने अधिकारी
टिप्पणी, आदेश र निर्णय गर्ने अधिकारीः- सचिव तथा मन्त्री स्तर
निर्णय गर्ने अधिकारीः प्रदेश सचिव डा. पशुपति ढुङ्गाना

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

प्रदेश सचिव डा. पशुपति ढुङ्गाना

## ९. सम्पादन गरेको मुख्य मुख्य कामको विवरणः

- मन्त्रालयको आफ्नो बजेट तथा कार्यक्रम कार्यान्निवयन
- मन्त्रालय मातहत निकायको बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहजिकरण
- मन्त्रालय र मातहत निकायहरुबाट संचालित कामको अनुगमन
- नीति मापदण्ड र कार्यविधिको मस्यौदा तथा स्वीकृती
- उद्योग तथा बाणिज्य अनुगमन
- सहकारी संस्थाहरुको नियमन तथा अनुमगन
- अन्य भैपरी आउने उद्योग, कृषि तथा सहकारी क्षेत्रका कामहरु

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

प्रमुखको नामः डा. पशुपति ढुङ्गाना
पदः प्रदेश सचिव
सम्पर्क नं. ९८५२०२२८४१
Email: molmacbiratnagar@gmail.com

सूचना अधिकारीः डा. देव कुमार दर्लामी

पदः पशु चिकित्सक (आठौं तह)
सम्पर्क नं.: ९८५१३१३१११
Email: devkumar.darlami@gmail.com

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

### ११.१ ऐन

१. प्रदेश सहकारी ऐन, २०७५
२. उपभोक्ता संरक्षण ऐन, २०७५
३. कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६
४. प्रदेश सहकारी ऐन, २०७६
५. कम्पनी ऐन, २०६३ (संशोधन २०७६ सहित)
६. खानी तथा खनिज पदार्थ ऐन, २०४२ (संशोधन २०७२ सहित)
७. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ (संशोधन २०७९ सहित)
८. कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ (संशोधन २०७९ सहित)
९. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ र पहिलो संशोधन (२०७९/६/११ गते प्रदेश राजपत्रमा प्रकाशित)
१०.केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१ लाई प्रतिस्थापन गर्न बनेको ऐन, २०८१
११. प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१
१२. प्रदेश बीउ विजन ऐन, २०८१
१३. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८२

### ११.२ नियमावली

१. कटहरी फलफूल तथा तरकारी थोक बजार संचालन नियमावली, २०७६
२. प्रदेश सहकारी नियमावली, २०७६
३. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ र पहिलो संशोधन
४. कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता नियमावली, २०७८ (संशोधन, २०७९ सहित)
५. प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८०
६. कोशी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७
७. प्रदेश बजार अनुगमन नियमावली, २०७६
८. उपभोक्ता संरक्षण नियमावली, २०७६
९. खानी तथा खनिज पदार्थ नियमावली, २०५६ (संशोधन २०७३ सहित)
१०. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (दोस्रो संशोधन) नियमावली, २०८१
११. प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ बन्ने क्रममा रहेको

१२. प्रदेश बीउ विजन नियमावली, २०८१ बन्ने क्रममा रहेको

## ११.३ कार्यविधि/निर्देशिका

१. कृषक पाठशाला संचालन कार्यविधि, २०७५
२. बाली उपचार शिविर (Plant clinic) संचालन कार्यविधि,२०७५
३. माटो परिक्षण मिनिल्याब स्थापना तथा सुदृढिकरण कार्यविधि,२०७५
४. भेटेरिनरी नियमन निर्देशिका, २०७५
५. सहकारी संघ संस्था एकीकरण कार्यविधि, २०७७
६. सरकारी शिक्षा तालिम कार्यक्रम संचालन कार्यविधि, २०७७
७. न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७
८. प्रदेश प्रविधि (मेशिन तथा औजार) सहयोग कार्यविधि, २०८०
९. उद्योग तथा वाणिज्य प्रशासन प्रणाली (ICAS) सञ्चालन निर्देशिका, २०८०
१०. प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८
११. करार सेवा कार्यविधि, २०७६
१२. प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८
१३. प्रदेश उत्कृष्ट महिला उद्यमी/महिला लघु उद्यमी पुरस्कार वितरण कार्यविधि, २०८०
१४. सहकारी संस्थामा एप्लिकेशन सफ्टवेयर प्रयोग सम्बन्धी कार्यविधि, २०८१
१५. खोरेत रोग नियन्त्रण आयोजना सञ्चालन सम्बन्धी कार्यविधि, २०८१
१६. कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन कार्यविधि, २०८१
१७. बृद्धिमुखि उद्यमशिलता र रोजगारी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१
१८. स्टार्टअप बिउपुँजी परिचालन कार्यविधि, २०८२
१९. राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यविधि, २०८२
२०. आन्तरिक नियन्त्रण कार्यप्रणाली निर्देशिका, २०८३
२१. कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन (पहिलो संशीधन) कार्यविधि, २०८३

## ११.४ मापदण्डः

१. सहकारी संघ संस्था संचालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०७८
२. आन्तरिक नियन्त्रण प्रणाली, २०७८
३. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८
४. कच्चा पद्धार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८२

५. कृषि व्यवसाय प्रवर्द्धन अनुदान (दोस्रो संशोधन) मापदण्ड, २०८२

**११.५ नर्म्स्:**

१. कृषि प्रसार कार्यक्रम संचालन नर्म्स, २०७९

२. पशुपन्छी प्रसार कार्यक्रम संचालन नर्म्स, २०७९

३. पशुपन्छी प्रसार कार्यक्रम संचालन नर्म्स, २०८२

४. कृषि प्रसार कार्यक्रम संचालन (दोस्रो संशोधन) नर्म्स, २०८२

५. कृषि प्रसार कार्यक्रम संचालन (तेस्रो संशोधन) नर्म्स, २०८३

११.६ उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश र अन्तर्गतका कर्मचारीहरुको पदीय वा पेशागत आचारसंहिता, २०८१

११.७ केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१

११.८ कृषि इन्टर्न परिचालन कार्यक्रम कार्यान्वयन प्रक्रिया, २०८१

११.९ प्रदेश सहकारी ऐन, २०७६, प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ र कशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ लाई अध्यादेश मार्फत संशोधनको लागि मिति २०८१/१२/२२ गतेको मा. मन्त्रिस्तरको निर्णयानुसार आन्तरिक मामिला तथा कानून मन्त्रालय पठाएको।

११.१० उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८२

११.११ कृषि तथा पशुपन्छी सम्बद्ध कार्यक्रम संचालन मार्गदर्शन, २०८२

११.१२ कृषि इन्टर्न परिचालन कार्यक्रम कार्यान्वयन प्रकृया, २०८२

## १२ आम्दामी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

### १२.१ खर्चको विवरण

बजेट उपशीर्षक नम्बरः ३१२०००११३

आयोजना/कार्यक्रम नामः उद्योग, कृषि तथा सहकारी मन्त्रालय

| **खर्च/वित्तीय संकेत नम्बर / नाम** | **अन्तिम बजेट** | **जम्मा खर्च** | **बाँकी बजेट** |
|---|---|---|---|
| २१११ पारिश्रमिक कर्मचारी | ३३,७५२,०००.०० | २५,८८३,७७०.७२ | ७,८६८,२२९.२८ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ५,९९०,०००.०० | ३,०४४,९६६.६५ | २,९४५,०३३.३५ |
| २११२१ पोशाक | ५००,०००.०० | ४९८,९००.०० | १,१००.०० |
| २११३२ महंगी भत्ता | २,७०३,३६०.०० | १,९९९,६६६.०० | ७०३,६९४.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १,०००,०००.०० | ७२४,९००.०० | २७५,१००.०० |
| २११३९ अन्य भत्ता | ६५,०००.०० | २५,०००.०० | ४०,०००.०० |
| २११४२ पदाधिकारी अन्य सुबिधा | १,०००,०००.०० | २४,११५.९९ | ९७५,८८४.०१ |
| २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | २४०,०००.०० | १५५,२००.०० | ८४,८००.०० |
| २२१११ पानी तथा बिजुली | १,६८०,०००.०० | ७१५,४११.२२ | ९६४,५८८.७८ |
| २२११२ संचार महसुल | ६३०,०००.०० | ३६१,४५२.४१ | २६८,५४७.५९ |
| २२२११ इन्धन (पदाधिकारी) | ७००,०००.०० | ५८८,७९१.८८ | १११,२०८.१२ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ४,२२०,०००.०० | २,७९१,०६५.१९ | १,४२८,९३४.८१ |
| २२२१३ सवारी साधन मर्मत खर्च | ३,७२६,६००.०० | ३,०९१,३७२.९९ | ६३५,२२७.०१ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ३,५००,०००.०० | १,७३८,९८३.५८ | १,७६१,०१६.४२ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन | ७००,०००.०० | ६५८,१६०.०० | ४१,८४०.०० |

| | | | |
|---|---|---|---|
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १,३००,०००.०० | १,२८२,५१४.०० | १७,४८६.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २,०००,०००.०० | १,९९६,७१४.२४ | ३,२८५.७६ |
| २२३१४ इन्धन- अन्य प्रयोजन | १००,०००.०० | ३४,११०.०० | ६५,८९०.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ९५०,०००.०० | ५८८,८५४.०० | ३६१,१४६.०० |
| २२४११ सेवा र परामर्श खर्च | ३,७००,०००.०० | ०.०० | ३,७००,०००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २५०,०००.०० | ०.०० | २५०,०००.०० |
| २२४१३ करार सेवा शुल्क | ८,०५९,५००.०० | ४,८२१,८८२.३० | ३,२३७,६१७.७० |
| २२५१२ सीप विकास  तथा जनचेतना तालिम तथा गोष्ठी | १०,५५०,०००.०० | २७०,६९८.०० | ९,७७९,३०२.०० |
| २२५२२ कार्यक्रम खर्च | ५,७००,०००.०० | १२३,१५०.०० | ५,५७६,८५०.०० |
| २२६११अनुगमन, मूल्यांकन खर्च | १,७००,०००.०० | १,२७५,९५४.०० | ४२४,०४६.०० |
| २२६१२ भ्रमण खर्च | ३८३,२००.०० | १८२,७७८.०० | २००,४२२.०० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | १,०००,०००.०० | ६०२,६३१.०० | ३९७,३६९.०० |
| २२७११ विविध खर्च | २,०३२,०००.०० | १,७३१,९०६.३९ | ३००,०९३.६१ |
| २८१४२ घर भाडा | २,७४०,०००.०० | १,२३१,२००.०० | १,५०८,८००.०० |
| **जम्मा** | **१००,३७१,६६०.००** | **५६,४४४,१४८.५६** | **४३,९२७,५११.४४** |

बजेट उपशीर्षक नम्बरः ३१२०००२३

आयोजना/कार्यक्रम नामः उद्योग, कृषि तथा सहकारी मन्त्रालय (कार्यक्रम खर्च)

| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|
| २२५२२ कार्यक्रम खर्च | २८,४८०,०००.०० | ५,३५०,०१६.०० | २३,१२९,९८४.०० |
| 26413 अन्य संस्थालाई अनुदान— सःशर्त | १४०,०००,०००.०० | ११,४२७,३४९.९५ | १२८,५७२,६५०.०५ |
| **जम्मा** | **१६८,४८०,०००.००** | **१६,७७७,३६५.९५** | **१५१,७०२,६३४.०५** |

बजेट उपशीर्षक नम्बरः ३१२०००११४

आयोजना/कार्यक्रम नामः उद्योग, कृषि तथा सहकारी मन्त्रालय

| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|
| 31121 सवारी साधन | ८,८४०,०००.०० | ५,९११,४८०.०० | २,९२८,५२०.०० |
| 31122 मेशिनरी तथा औजार | १,३००,०००.०० | ९५२,५२७.०० | ३४७,४७३.०० |
| 31123 फर्निचर तथा फिक्चर्स | ५००,०००.०० | ३९६,९२४.०० | १०३,०७६.०० |
| 31161 निर्मित भवनको संरचनात्मक सुधार खर्च | २,०००,०००.०० | १,८८७,८०७.०० | ११२,१९३.०० |
| **जम्मा** | **१२,६४०,०००.००** | **९,१४८,७३८.००** | **३,४९१,२६२.००** |

बजेट उपशीर्षक नम्बरः ३१२०४००२३

आयोजना/कार्यक्रम नामः उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम

| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|
| 22411 सेवा र परामर्श खर्च | ३,०००,०००.०० | ०.०० | ३,०००,०००.०० |
| 22511 कर्मचारी तालिम खर्च | ७५०,०००.०० | ०.०० | ७५०,०००.०० |
| 22512 सीप विकास तथा जनचेतना तालिम तथा गो ष्ठी सम्बन्धी खर्च | ५,२००,०००.०० | ०.०० | ५,२००,०००.०० |
| 22522 कार्यक्रम खर्च | ७४,३००,०००.०० | १,६०४,७०६.९९ | ७२,६९५,२९३.०१ |
| **जम्मा** | **८३,२५०,०००.००** | **१,६०४,७०६.९९** | **८१,६४५,२९३.०१** |

बजेट उपशीर्षक नम्बरः ३१२०४००२४

आयोजना/कार्यक्रम नामः उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम

| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|
| 31112 गैर आवासीय भवन निर्माण/खरिद | ३,५००,०००.०० | ०.०० | ३,५००,०००.०० |
| 31122 मेशिनरी तथा औजार | ५००,०००.०० | ०.०० | ५००,०००.०० |
| **जम्मा** | **४,०००,०००.००** | **०.००** | **४,०००,०००.००** |

बजेट उपशीर्षक नम्बरः ३१२९११२१३

आयोजना/कार्यक्रम नामः प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना(संघ शसर्त अनुदान)

| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|
| 22522 कार्यक्रम खर्च | १५०,०००.०० | ०.०० | १५०,०००.०० |
| **जम्मा** | **१५०,०००.००** | **०.००** | **१५०,०००.००** |

## १२.२ बेरुजुको  विवरण

| क्र.सं. | कार्यालयको नाम | बेरुजुको विवरण | हाल सम्मको बेरुजु रु | यस अवधि सम्म फछ्यौंट रु | फछ्यौंट हुन बाँकी रु | यस अवधिमा जम्मा फछ्यौंट प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | असुल गर्नु पर्ने | १२४०६४८३ | | १२४०६४८३ | |
| | | नियमित गर्नु पर्ने | १९३२९७०३५ | | १९३२९७०३५ | |
| | | **कुल जम्मा** | **२०५७०३५१८** | | **२०५७०३५१८** | |

## १३. तोकिए बमोजिमका अन्य विवरण

१३.१ स्थानीय तहसँग समन्वय स्थापित गर्न भएका प्रयासहरुः

- जिल्ला समन्वय समितिका प्रमुख, प्रदेश सभा सदस्य तथा स्थानीय तह प्रमुखहरु सँग कार्यक्रम सञ्चालनका विषयमा नियमित समन्वय र सर-सल्लाह गर्ने गरिएको।
- स्थानीय तह कृषि शाखा/पशुपन्छी विकास शाखा र जिल्ला स्थित कृषि ज्ञान केन्द्र/पशु सेवा विज्ञ केन्द्र वीच द्वैमासिक समन्वय बैठक संचालन।
- मन्त्रालय र मातहतावट संचालन हुने/भएका कार्यक्रमहरुको भेरिफिकेशनमा सहभागिता, सम्झौतामा स्थानिय तहको सिफारिस माग गर्ने गरिएको।
- बालीनाली र पशुपन्छी रोग किरा महामारी सम्बन्धी आकस्मिक प्रकोपहरुमा नियन्त्रणका लागि सहयोग/सहभागिता।

१३.२ आयोजना/कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्याः

- ग्रामीण क्षेत्रवाट स्वास्थ्य र शिक्षाको सहज पँहुच भएका शहरी क्षेत्रमा बसाई सराईले गाँउवस्तीमा कृषि कामदारको अभाव भई जमीन बाँझो रहने प्रचलन रहेको यसवाट कृषि उत्पादन क्रमश: घटन सक्ने।
- भारतवाट निर्वाध रुपमा तरकारी तथा अन्य कृषि उपजहरु आयात हुने गरेकोले आन्तरिक कृषि उद्यमीहरुको कृषि उत्पादनले उचित मूल्य प्राप्त गर्न कठिनाई भएको।
- वैकिङ्ग तरलताको अभावले कुनै बैंकवाट पनि ऋण प्रवाह गर्न नसक्नु जसवाट कृषि कर्जामा व्याज अनुदान कार्यक्रम संचालनमा कठिनाइ भएको।
- बाली, पशुपन्छीको विभिन्न प्रकारको महामारी र प्राकृतिक प्रकोपबाट भएको क्षतिपुर्तिको माग गर्दै निवेदन प्राप्त हुने गरेकोले यसलाई स्थायी समाधान गर्न उपाय खोजिनु पर्ने देखिएको।

१३.३ समस्या समाधानका केही प्रयासहरुः

- प्रदेशमा कृषि तथा पशुजन्य वस्तुहरुको उत्पादन, प्रशोधन र बजारिकरणका लागि सहकारी संस्थाहरुलाई अग्रसर गराउन सहकारी संघहरु मार्फत कार्य गर्ने प्रक्रिया अघि वढाईएको।
- संघिय सरकार, प्रदेश सरकार र स्थानिय सरकारका कृषि विकास कार्यक्रमहरुमा समन्वय वढाउन विभिन्न प्रयासहरु गरेको।
- कृषि विकास बैंक लगायतका अन्य बैंकहरुसंग पटक पटक छलफल गरिएको।

## १४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरू

- विगतका प्रकाशनहरूमा समावेश भएको।

## १५. मन्त्रालयको वेबसाइट

- उद्योग, कृषि तथा सहकारी मन्त्रालयको गतिविधि सम्बन्धी जानकारीको लागिः- moiac.koshi.gov.np
- उद्योग तथा वाणिज्य फर्म दर्ता सम्बन्धी जानकारीको लागिः- icas.koshi.gov.np
- कृषि बजार सम्बन्धी जानकारीको लागिः- krishibajar.koshi.gov.np

## १६. वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

- नभएको

## १७. मन्त्रालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

- नभएको

## १८. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः

- वर्गिकरण नगरेको।

## १९. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः

- सूचनाको माग लिखित रुपमा माग भए बमोजिम उपलब्ध गराईएको।

## २०. मन्त्रालयका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः

- मन्त्रालयको वेबसाइटमा प्रकाशन हुने।